# अध्याय एक
# शोध परिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **लमजुङ जिल्लामा कक्षा ६ मा कविता शिक्षण गर्दा अपनाइएका शिक्षण कार्यकलापहरूको अध्ययन** रहेको छ ।

## १.२ शोधप्रयोजन

प्रस्तुत अध्ययन त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको शोधपत्र नेपा.शि. ५९८ पाठ्यांशको उद्देश्य पूरा गर्ने प्रयोजनका लागि प्रस्तुत गरिएको छ ।

## १.३ समस्याकथन

भाषा मानवको उत्पत्तिसँगै विचार विनिमयको माध्यमको रूपमा प्रयोग हुँदै आएको हो । एकआपसमा विचार तथा भावना सम्प्रेषणका लागि भाषाको उत्पत्ति भएको हो । भाषा मानवीय र सामाजिक वस्तु हो । भाषा मानवको सामाजिक सम्पर्क, वातावरण, रहनसहन उमेर परिवेश आदिका आधारमा विकास र विस्तार हुन्छ । विश्वबन्धुत्वको सम्बन्ध स्थापना गर्न मानवीय व्यवहार, सामाजिक व्यवहारको अभिन्न अङ्ग बनेको भाषाले वैचारिक आदानप्रदानको सुगम र सर्वसुलभ रूपमा कार्य गर्नुपर्दछ । देशका विभिन्न जातजातिहरूको आफ्नो मातृभाषा भए पनि जुन भाषालाई राष्ट्रभाषाका रूपमा मान्यता प्रदान गर्दछ, त्यो भाषा नै राष्ट्रभाषा हुन्छ । तर 'नेपालको अन्तरिरम संविधान' (२०६३) ले सम्पूर्ण जातिका मातृभाषालाई पनि राष्ट्रभाषाका रूपमा मान्यता दिएको छ । तर पनि सरकारी कामकाजको भाष नेपाली भाषालाई मानेको छ । हाम्रो देशमा सरकारी कामकाजको भाषाको स्रोत भाषा संस्कृत भाषा हो ।

नेपाल बहुजाति, बहुभाषी भएको देश हो । नेपाली भाषालाई साझा भाषा, सम्पर्क भाषा, राष्ट्रभाषा, माध्यम भाषाका रूपमा व्यवहार गरिन्छ । नेपालमा विभिन्न जातिका भाषा लेख्य वा मौखिक रूपमा प्रचलनका रूपमा रहेका पाइन्छन् । नेपालमा सर्वप्रथम नेपाली भाषालाई माध्यम भाषाका रूपमा वि.सं. १९५८ मा तत्कालीन प्रधानमन्त्री देवशमशेरले देशका विभिन्न भू-भागमा भाषा पाठशालाहरू स्थापना गर्नु पहिलो प्रयास भएको पाइन्छ । बझाङे राजा जयपृथ्वीबहादुर सिंहद्वारा लेखिएको "अक्षराङ्क शिक्षा" देशका विभिन्न ठाउँमा खोलिएका भाषा पाठशालाहरूमा आधारभूत पाठ्यपुस्तकका रूपमा राखिएको पाइन्छ । वि.सं. १९७० मा गोरखा भाषा प्रकाशिनी समिति स्थापना भएपछि पाठ्यपुस्तकहरू प्रकाशनमा ल्याई देशभरिका प्राथमिक र माध्यमिक विद्यालयहरूमा नेपाली भाषाको अध्ययन अध्यापन व्यवस्थित रूपमा हुँदै आएको पाइन्छ । वि.सं. १९९० मा एस.एल.सी. बोर्डको स्थापनापछि उच्च शिक्षामा समेत नेपाली भाषाका माध्यमबाट पठनपाठनको औपचारिक रूपमा भएको पाइन्छ । त्यस्तै वि.सं. २०१५ मा नेपाली भाषालाई राष्ट्रभाषा र विभिन्न जातजातिले बोल्ने भाषालाई राष्ट्रिय भाषाको रुमा पहिलोपल्ट मान्यता दिइएको थियो । वि.सं. २०४७ को संविधानले नेपाली भाषा राष्ट्रभाषा र नेपालमा बोलिने अन्य भाषालाई राष्ट्रिय भाषा भनेर स्पष्ट रूपमा उल्लेख गरेको छ । भारतको संविधानको आठौं अनुसूचीमा नेपाली भाषालाई इ.सं. १९९२ सेप्टेम्बर १ देखि एघारौं मान्यता प्राप्त गरेको छ (रिमाल, २५३ः २)। नेपाली भाषा अन्तर्राष्ट्रिय सञ्चार, इमेल, इन्टरनेटमा समेत विकसित भइसकेको छ । नेपाली भाषाका कतिपय खबर पत्रिका, कथा, कविता, अन्तर्राष्ट्रिय भाषामा अनुवाद समेत भइसकेको पाइन्छ । यसले गर्दा नेपाली भाषा अन्तर्राष्ट्रिय स्तरमा समेत मान्यता प्राप्त गर्नुले नेपाली भाषाको शिक्षणमा महत्त्व अझै बढ्ने छ ।

नाट्य सम्राट बालकृष्ण समका अनुसार "भावनाको बौद्धिक कोमलता नै कविता हो ।" कविता विधा अन्य विधाका तुलनामा मुख्य जेठो विधाको रूपमा लिइन्छ । अरु विधालाई उमेरगत रूपमा लघु समय मात्र मानिसहरूले प्रयोगमा ल्याउँछन् । कविता विधाले भाषा पाठ्यपुस्तकलाई उपयोगी बनाएर धेरै सहयोग पुऱ्याएर विद्यार्थीहरूलाई आकर्षित बनाउँदछ । कविता विधा एक महत्त्वपूर्ण शिक्षण

विधा मानिन्छ । यस विधालाई विभिन्न कार्यकलाप अपनाएर शिक्षण गर्दा विषयवस्तुको प्रकृति बालबालिकाहरूको चाहना, रुचि साथै स्तरअनुसारको उद्देश्य प्राप्त गर्न सक्दछन् । निम्न माध्यमिक तह कक्षा ६ मा अध्ययनरत छात्रछात्राहरूलाई कविता विधाको शिक्षण गर्दा शिक्षकको भाषिक सिप विकास र साहित्यिक रसास्वादनका लागि के कसता शिक्षण कार्यकलापहरू गर्दछन् भन्ने कुरामा शोधपत्र केन्द्रित रहेको छ ।

प्रस्तुत शोधपत्र सरकारी र निजी विद्यालयमा कविता शिक्षण गर्दा शिक्षकहरू के कस्ता विधिहरू प्रयोग गर्दछन् भन्ने विषयमा तालिम प्राप्त र अप्राप्त शिक्षक शिक्षिकाहरूको कक्षा अवलोकन गरिएको छ । उनीहरूले प्रयोग गरेका शिक्षण सिकाइ क्रियाकलापहरूलाई मूल विषय बनाई समस्याको प्राज्ञिक समाधान खोजिएको छ ।

उयर्पुक्त पृष्ठभूमिमा रही प्रस्तुत शोधपत्र निम्नलिखित समस्याहरूका बारेमा केन्द्रित रहेको छ :

(क) कविता शिक्षणको प्रयोजनअनुसार शिक्षण हुने गरेको छ कि छैन ?

(ख) विधागत दृष्टिले कविता शिक्षण गर्दा कस्ता कस्ता कार्यकलापहरू प्रयोग गरिन्छन् ?

(ग) तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकहरूले कविता शिक्षण गर्दा अपनाउने कार्यकलापमा के कस्तो अन्तर पाइन्छ ?

(घ) कविता शिक्षण गर्दा के कस्ता समस्याहरू वा अप्ठ्याराहरू देखिएका छन् ?

(ङ) शिक्षण सिकाइको सैद्धान्तिक पक्ष र शिक्षकले प्रयोग गर्ने गरेको व्यावहारिक पक्षमा के कस्ता अन्तर पाइन्छन् ?

## १.४ शोधकार्यको उद्देश्य

यस अध्ययनका उद्देश्यहरू निम्नलिखित रहेका छन् :

(क) कविता शिक्षण कार्यकलापहरूको परिचय दिनु,

(ख) कविता शिक्षणमा प्रयोग गरिने कार्यकलापहरूको अध्ययन गर्नु,

(ग) तालिम प्राप्त र तालिम अप्राप्त भाषा शिक्षकहरूले कविता शिक्षण गर्दा अपनाउने कार्यकलापहरूको तुलनात्मक अध्ययन गर्नु,

(घ) भाषा शिक्षकहरूले शिक्षणका क्रममा गर्ने सैद्धान्तिक पक्ष र शिक्षकले प्रयोग गरेको व्यावहारिक पक्षको तुलनात्मक अध्ययन गर्नु,

(ङ) शिक्षण कार्यकलापसँग सम्बन्धित कमजोरीहरूलाई उचित निष्कर्ष र सुझावहरू दिनु ।

## १.५ पूर्वकार्यको समीक्षा

अनुसन्धानका क्रममा कुनै पनि शोधकार्यसँग सम्बन्धित विषयवस्तुमा पहिले भएका अध्ययन अनुसन्धानको समीक्षा गर्नुलाई पूर्वकार्यको समीक्षा भनिन्छ । यसले पूर्व अध्ययनहरूका सबल र दुर्बल पक्षहरू केलाउँदै सकारात्मक पक्षको अवलम्बन र नकारात्मक पक्षको सुधारसहित नयाँ तरिकाले आफ्नो अनुसन्धानलाई अगाडि बढ्न सहयोग पुऱ्याउने छ ।

कुनै विषयमा शोधकार्य गर्नु अघि उक्त विधा तथा क्षेत्रका के कस्ता कार्य भए ? यो अवधिमा के कस्ता उपलब्धि प्राप्त भए, सो क्षेत्रमा रहेका जल्दाबल्दा समस्याहरू के के हुन् ? पूर्ववर्ती कार्यहरूले के कस्ता निष्कर्ष र सुझावहरू दिए भन्ने कुराको विश्लेषण गरी नयाँ कार्य थाल्नु उपयुक्त हुन्छ । यही नै पूर्वकार्यको समीक्षा हो । यसबाट अनावश्यक पुनरावृत्तिको सम्भावना नहुने, अनावश्यक कार्यमा अल्मलिन नपर्ने, नयाँ कार्यका थालनीको सैद्धान्तिक आधार र पृष्ठभूमि प्राप्त हुने, आफूले प्राप्त गरेको तथ्य तथ्याङ्कको व्याख्या विश्लेषणका लागि आधार प्राप्त हुने महत्त्वपूर्ण उपलब्धिहरू हासिल गर्न सकिने छ ।

भाषा शिक्षण सम्पूर्ण भाषिक सिपको शिक्षण हो । भाषिक सिपमा भाषा शिक्षकहरूलाई दक्ष बनाउन विभिन्न कार्यकलापहरू गराउनु आवश्यक हुन्छ । भाषा पाठ्यपुस्तकमा कथा, कविता, निबन्ध, जीवनी, रूपक चिठी र व्याकरणजस्ता अलगअलग विधाहरू समावेश गरिएका हुन्छन् । यस्ता विधाहरूको शिक्षणमा अपनाइने

कार्यकलापहरू पनि आफ्नै किसिमका हुन्छन् । प्रस्तुत शोधपत्र “लमजुङ जिल्लामा कक्षा ६ मा कविता शिक्षण गर्दा अपनाइएका शिक्षण कार्यकलापहरूको अध्ययन” शीर्षकमा यस अघि कसैले पनि शोधपत्र तयार नगरेको पाइएकोले यो शोधपत्रबाट जानकारी दिनका लागि वा जानकारी प्राप्त गर्ने उद्देश्यले यो शोधपत्र तयार गरिएको छ ।

प्रसतुत अनुसन्धान कार्य नेपाली भाषा शिक्षणसँग सम्बन्धित कविता शिक्षण कार्यकलापहरूमा केन्द्रित रहेकाले यहाँ नेपाली भाषा शिक्षण र कविता विधा शिक्षण विषयमा लेखिएका शोधकार्यसँग निकट सहयोगी पुस्तकहरू र शोधपत्रहरूलाई पूर्वकार्यको रूपमा लिई निम्नानुसार समीक्षा गरिएको छ :

### (क) सिद्धान्त पक्षसँग सम्बन्धित पूर्वकार्यको अध्ययन

केदारप्रसाद शर्मा र माधवप्रसाद पौडेल (२०६०) को सहलेखनमा लेखिएको **नेपाली भाषा र साहित्य शिक्षण** पुस्तकमा कविता शिक्षणका सैद्धान्तिक परिचय, आवश्यक विधि, सहायक कार्यकलापहरूको बारेमा उल्लेख गरिएको छ । कविता शिक्षणको चर्चा गर्ने क्रममा यस पुस्तकलाई प्रमुख आधार मानिएको छ ।

पारसमणि भण्डारी र माधवप्रसाद पौडेल (२०६३) द्वारा लेखिएको **नेपाली कविता र काव्य** नामक पुस्तकमा कविताको सैद्धान्तिक परिचयको बारेमा उल्लेख गरिएको छ । कविता शिक्षणको सैद्धान्तिक परिचयमा यसै पुस्तकलाई आधार मानिएको छ ।

हेमाङ्गराज अधिकारी र केदारप्रसाद शर्मा (२०६५) द्वारा लिखित **प्रारम्भिक नेपाली शिक्षण** नामक पुस्तकमा नेपाली भाषा शिक्षिकाको परिचयका साथै महत्त्वपूर्ण विधाका रूपमा शिक्षणको चर्चा गरिएको छ ।यसमा कविताको लयबोध, भावबोध प्रश्नोत्तर सारांश, भावविस्तार आदिलाई महत्त्वपूर्ण कार्यकलापका रूपमा चर्चा भएको हुँदा उक्त पुस्तकलाई अध्ययन कार्यको लागि आधार मानिएको छ ।

भोजराज ढुङ्गेल र दुर्गाप्रसाद दाहाल (२०६३) द्वारा लेखिएको **नेपाली भाषा शिक्षण** मा नेपाली भाषा शिक्षणको चर्चा गर्दै कविता शिक्षण र यसको आवश्यकता, कविता शिक्षणका उद्देश्यहरू कविता शिक्षणका प्रमुख विधिहरूका बारेमा चर्चा गरिएको हुँदा यस अध्ययन कार्यमा उक्त पुस्तकलाई महत्त्वपूर्ण कृतिका रूपमा लिएर अध्ययन कार्य अगाडि बढाइएको छ ।

हेमाङगराज अधिकारी (२०६५) को **नेपाली भाषा शिक्षण** नामक पुस्तकमा नेपाली भाषा शिक्षण गर्दा अपनाउनुपर्ने विभिन्न शिक्षण कार्यकलापहरूको उल्लेख गरिएको छ । त्यस्तै नेपाली भाषा शिक्षणको आवश्यकता, समस्या र सिद्धान्त पहिलो भाषा र दोस्रो भाषा सिकाइ तथा भाषाका चारै सिप र त्यसका कार्यकलापहरूको विस्तृत चर्चा गरिएको यस अध्ययन कार्यमा उक्त पुस्तकलाई महत्त्वपूर्ण कृतिका रूपमा लिएर अध्ययन कार्य अगाडि बढाइएको छ ।

### (ख) शोधपत्रसँग सम्बन्धित पूर्वकार्यहरूको अध्ययन

शोधार्थी अनन्तप्रसाद बेल्वासे (२०६०) ले **कक्षा ५ मा कथा शिक्षण गर्दा प्रयोग भएका शिक्षण विधिहरूको अध्ययन** शीर्षकमा शोधकार्य गरेको पाइन्छ । गद्य विधामा केन्द्रित भए पनि उक्त शोधपत्रमा भाषा शिक्षणसँग सम्बन्धित प्रायः सबै विधिहरूको चर्चा गरिएको पाइन्छ । कथा शिक्षण गर्दा अवलम्बन गर्न सकिने खालका १५ वटा सुझावहरू समेत त्यस शोधपत्रमा समावेश भएका छन् । भिन्न विधा भएको अनुसन्धान कार्य भए पनि यस अध्ययनसँग समान महत्त्व राख्ने विधामा केन्द्रित भएको पाइन्छ । विधामा केन्द्रित भएको र तालिम प्राप्त र अप्राप्त भाषा शिक्षकहरूले तुलनात्मक अध्ययन, सैद्धान्तिक र व्यावहारिक पक्षको तुलनात्मक अध्ययन गरी प्रभावकारी निष्कर्ष निकालेका छन् । त्यसैले सो कुरा यहाँ उल्लेख गरिएको छ ।

शोधार्थी गोपाल बुढाथोकी (२०६२) ले **कक्षा ७ मा कविता शिक्षण गर्दा प्रयोग गरिएका शिक्षण विधिहरूको अध्ययन** शीर्षकमा शोधपत्र तयार गरेको पाइन्छ । उक्त शोधकार्यमा मूलतः काठमाडौं जिल्लाका निजी र सरकारी विद्यालयमा भाषा शिक्षण गर्दा शिक्षकहरूले प्रयोग गरेका विधिहरूमा केन्द्रित रहेको छ । जम्मा ६ अध्यायमा

सम्पन्न गरिएको उक्त शोधकार्य कविता शिक्षण विधिमा भन्दा समग्र भाषा शिक्षणका विधिहरूको चर्चामा बढी केन्द्रित रहेको देखिन्छ । उक्त शोधपत्रमा शिक्षकहरूलाई विद्यार्थी केन्द्रित विधिको प्रयोगमा, कविता लेखन प्रतियोगितामा जोड जस्ता अतिरिक्त क्रियाकलाप सञ्चालन गर्नुपर्ने जस्ता कुराहरू निष्कर्षका रूपमा शोधपत्रमा रहेको पाइन्छ ।

**कक्षा ८ मा कविता शिक्षण गर्दा अपनाइने शिक्षण विधिहरूको अध्ययन** शीर्षकमा नारायणप्रसाद रेग्मी (२०६४) ले तयार पारेको शोधपत्रमा सामुदायिक विद्यालयमा कविता शिक्षण गर्ने शिक्षकहरूको संस्थागत विद्यालयमा भाषा शिक्षण गर्ने शिक्षकहरूको तुलनामा बढी शिक्षण विधिहरूको प्रयोग गरेको निष्कर्ष निकालेका छन् । त्यसै गरी तालिम अप्राप्त र तालिम प्राप्त शिक्षकहरूको तुलनामा तालिम प्राप्त भाषा शिक्षकहरूले बढी शिक्षण विधिहरूको प्रयोग गरी प्रभावकारी शिक्षण गरेको निष्कर्ष निकालेका छन् । भाषा शिक्षकहरूलाई कतिपय विद्यालयहरूमा अन्य विषय र अन्य विषयका शिक्षकहरूलाई भाषा विषय शिक्षण गर्न लगाउने प्रवृत्तिले नेपाली भाषा शिक्षणमा नकारात्मक असर पारेको अध्ययनले देखाएको छ ।

शिक्षण विधासँग सम्बन्धित पूर्व शोधपत्रको अध्ययन गर्दा शोधार्थी गोपालदास कडरिया (२०६५) ले **कक्षा ८ मा कविता शिक्षण गर्दा अपनाइने कार्यकलापहरूको अध्ययन** शीर्षकको शोधपत्र तयार गरेको पाइन्छ । उक्त शोधपत्रमा तिनवटा उद्देश्यहरू, कविता शिक्षण विधिहरूमा गीत तथा अभिनय विधि, अर्थबोध विधि, व्याख्या विधि, प्रश्नोत्तर विधि, व्यास विधि, तुलनात्मक विधि, समीक्षा विधिहरू उल्लेख गरेको पाइन्छ । साथै कविता शिक्षण गर्दा अवलम्बन गर्न सकिने २५ वटा निष्कर्षहरू र १४ वटा सुझावहरू प्रस्तुत गरेका छन् ।

त्यसैगरी शोधार्थी प्रेमबहादुर गिरी (२०६६) ले **कक्षा ९ मा कविता शिक्षण गर्दा अपनाएका कार्यकलापहरूको अध्ययन** शीर्षकमा तयार गरेको शोधपत्रमा निजी विद्यालयका तुलनामा सरकारी विद्यालयका शिक्षकहरू र तालिम प्राप्त र तालिम अप्राप्तका तुलनामा तालिम प्राप्त शिक्षकहरको शिक्षण प्रभावकारी रहेको निष्कर्ष

निकालेका छन् । तालिम प्राप्त शिक्षकहरूमा सैद्धान्तिक ज्ञानलाई व्यावहारिक पक्षमा ल्याउन सुझाव तथा निष्कर्ष निकालेका छन् ।

शोधार्थी गीता थापाले (२०६६) ले **कक्षा ७ मा कविता शिक्षण गर्दा अपनाइएका शिक्षण कार्यकलापहरूको अध्ययन** शीर्षकमा शोधपत्र तयार गरेको पाइन्छ । उक्त शोधपत्रमा १४ वटा निष्कर्षहरु र १३ वटा सुझावहरू प्रस्तुत गरेका छन् । सो निष्कर्षमा निजी विद्यालयका तुलनामा सरकारी विद्यालयका शिक्षकहरू र तालिम अप्राप्त शिक्षकका तुलनामा तालिम प्राप्त शिक्षकहरूको शिक्षण प्रभावकारी रहेको कुरा उल्लेख गरिएको पाइन्छ ।

उपर्युक्त पूर्वकार्यहरू हेर्दा धेरै शोधार्थीहरूले भाषा शिक्षणका कार्यकलापका सम्बन्धमा सामान्य सङ्केत गरे तापनि निम्न माध्यमिक तहमा कक्षा ६ मा नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट कविता विधा शिक्षण कार्यकलापका बारेमा व्यवस्थित, विस्तृत र प्रमाणिक अध्ययन भएको पाइँदैन । सङ्क्षेपमा भए पनि पूर्व अध्येताहरूले गरेका अध्ययनबाट यस शोधपत्रका लागि सहयोग र आधार लिँदै यस शोधपत्र "कक्षा ६ मा कविता शिक्षण गर्दा अपनाइएका शिक्षण कार्यकलापहरूको अध्ययन" शीर्षकमा गरिएको छ ।

## १.६ अध्ययनको औचित्य

कुनै पनि विषयवस्तुको अध्ययनमा त्यसको आफ्नै महत्त्व रहेको हुन्छ । भाषा शिक्षण विषयवस्तुको शिक्षण नभई भाषिक सिपहरूको शिक्षण हो । भाषा पाठ्यक्रमले अपेक्षा गरेअनुरूपका उद्देश्यहरू हासिल गर्न सक्नुपर्दछ । जसका लागि विद्यार्थीहरूको रुचिअनुसार कविता शिक्षण गरी अपेक्षित उद्देश्यहरू पूरा गर्न प्रभावकारी शिक्षण आवश्यक पर्दछ ।

यस शोधकार्यबाट नेपालमा भाषा शिक्षण गर्दा कविता मार्फत् के कस्ता भाषिक ज्ञान, सिप, विधि, कार्यकलाप अपनाई भाषिक कुशलता र दक्षता अभिवृद्धि हुन्छ कि हुँदैन ? त्यस्ता शिक्षण कार्यकलापहरू उपयुक्त छन् कि छैनन् ? भन्ने

प्रश्नको जवाफमा यस किसिमको कार्यकलाप गरी अध्यापन गर्नु अत्यन्त आवश्यक छ तर पनि विविध कारणवश कुनै पनि नेपाली भाषा शिक्षकले परम्परागत शिक्षण विधिहरूको प्रयोग गरेको पाइन्छ ।

हाल कविता शिक्षणमा अपनाइएका शिक्षण कार्यकलाप रहेका समस्या कमजोरीहरू हटाउन भएका खोज अनुसन्धान र विश्लेषण गर्ने कार्यमा यो अध्ययन सम्बन्धित भएकोले यसको औचित्य महत्त्वपूर्ण रहने छ । कविता शिक्षण गर्दा कस्ता शैक्षिक कार्यकलाप र विधिहरूको छनोट गर्नुपर्दछ भन्ने कार्यमा केन्द्रित रहेको यो शोधपत्र सम्पूर्ण भाषा शिक्षकहरूका लागि संघ संस्था र कविता अध्येताहरूलाई समेत महत्त्वपूर्ण मार्गदर्शक बन्न सक्ने छ ।

## १.७ अध्ययन विधि

प्रस्तुत शोधकार्य मूलतः क्षेत्रीय अध्ययन विधिमा आधारित रहेको छ । अध्ययनका क्रममा प्रस्तुत गरिएका विधिहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

### १.७.१ जनसङ्ख्या तथा प्रतिनिधि नमुना

लमजुङ जिल्लामा २०६९ सालमा कक्षा ६ मा अध्ययनरत सम्पूर्ण विद्यार्थीलाई जनसङ्ख्याका रुपमा लिइएको छ । जसमध्ये १० वटा विद्यालयमा अध्ययनरत ६० जना विद्यार्थीहरुलाई नमुना जनसङ्ख्याका रुपमा लिइएको छ ।

### १.७.२ सामग्री निर्माण

प्रस्तुत शोधकार्यका लागि निम्न २ प्रकारका सामग्रीहरूको उपयोग गरिएको छः

(क) **प्रश्नावली** :प्रश्नावलीमा पाठयोजना, कविता शिक्षणको उद्देश्य, कविता शिक्षण गर्दा अपनाइने कार्यकलाप, शिक्षण सामग्री, मूल्याङ्कन, गृहकार्य जस्ता कविता शिक्षण क्रियाकलाप सम्बन्धी विविध प्रश्नहरू समावेश गरी उक्त प्रश्नावली शिक्षकलाई भर्न प्रश्नावली भरियो ।

(ख) **कक्षा अवलोकन फाराम :** शिक्षकले दिने सैद्धान्तिक उत्तर र उनीहरूले गर्ने व्यावहारिक कार्यकलापका बिच समानता रहे/नरहेको हेर्नका लागि शिक्षक प्रश्नावली फाराममा रहेका मिल्दा जुल्दा शीर्षकहरू कक्षा अवलोकन फाराममा राखिएको छ । जस अन्तर्गत कक्षाको प्रारम्भ पाठको प्रस्तुतीकरण, शिक्षण कार्यकलाप, मूल्याङ्कन, शिक्षकको व्यक्तित्व जस्ता विविध पक्षहरू समावेश गरिएको छ । शिक्षकले कक्षामा शिक्षण गर्दा यी पक्षहरूको प्रयोग के-कस्तो गरेका छन् सो सम्बन्धी सूचना सङ्कलन गर्न कक्षा अवलोकन फारामको उपयोग गरिएको छ ।

**१.७.३ तथ्याङ्कको व्याख्या विश्लेषण :** उपर्युक्त सामग्रीहरू सङ्कलन पश्चात् पुस्तकालयीय विधिका माध्यमबाट भाषा शिक्षणले निर्देशन गरेअनुसार कविता शिक्षण विधि र कार्यकलापहरूलाई सैद्धान्तिक आधारका साथै तथ्यलाई क्रमसँग मिलाएर विश्लेषण गरिएको छ । उक्त विश्लेषणका आधारमा प्राप्त नतिजालाई प्रतिशतमा देखाइ तथ्याङ्कलाई सकेसम्म छुट्टाछुट्टै विश्लेषण गरिएको छ ।

## १.८ अध्ययनको सीमा

प्रस्तुत अध्ययन कार्यको प्रमुख लक्ष्य नै कविता शिक्षणका माध्यमबाट विद्यार्थीहरूमा भाषिक सिपको विकासका लागि प्रयोग गरिएका शिक्षण विधिहरूको अध्ययन गर्नु भएकोले यस अध्ययनलाई कविता शिक्षणका कार्यकलापमा सीमित गरिएको छ :

१. यस शोधपत्रमा कक्षा ६ को नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट कविता शिक्षण गर्दा प्रयोग गरिने कार्यकलापको अध्ययन गरिएको छ ।
२. तालिम प्राप्त भाषा शिक्षक र तालिम अप्राप्त भाषा शिक्षकहरूले कविता शिक्षणमा अपनाएका कार्यकलापहरूको तुलनात्मक अध्ययन गरिएको छ ।
३. त्यस्तै लमजुङ जिल्लाका ५ वटा सरकारी विद्यालय र ५ वटा निजी विद्यालयहरू गरी जम्मा १० वटा विद्यालयहरूलाई समावेश गरिएको छ ।

४. १० विद्यालयका १० जना नेपाली भाषा विषय शिक्षण गर्ने शिक्षकहरूमा सीमित रहेको छ ।

५. तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकहरूको शिक्षण कार्यकलापमा सैद्धान्तिक र व्यवहारिक पक्षको अध्ययन गरिएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको रूपरेखा यसप्रकार रहेको छ :

अध्याय एक : शोध परिचय

अध्याय दुई : कविता शिक्षणको सैद्धान्तिक परिचय

अध्याय तीन : नि.मा.वि. तहमा कविता शिक्षणका प्रमुख कार्यकलापहरू

अध्याय चार : व्याख्या तथा विश्लेषण

अध्याय पाँच : निष्कर्ष र सुझावहरू

सन्दर्भसामग्री सूची

परिशिष्ट

# अध्याय दुई
# कविता शिक्षणको सैद्धान्तिक परिचय

## २.१ कविता विधाको परिचय

कविता साहित्यका विविध विधाहरूमध्ये सबैभन्दा जेठो विधा हो । प्राचीनकालमा कविता विधा निकै समृद्ध, सशक्त र लोकप्रिय रहेको पाइन्छ । साहित्यका दुई भेद (श्रव्य र दृश्य) मध्ये कविता लयबद्ध भई प्रकट भएर पाठकलाई आनन्दानुभूति प्रदान गर्ने श्रव्य भेदअन्तर्गत पर्दछ । कविताले मानवीय अन्तर्मनको भावनालाई सहज र सुन्दर अभिव्यक्ति दिने काम गर्दछ । कवितामा कल्पना, भाव र बुद्धि तीनै तत्त्वको सम्मीश्रण पाइन्छ । पूर्वीय आचार्यहरूका अनुसार सार्थक शब्दविधान, दोषमुक्तता, गुणलङ्कारयुक्तता, सङ्क्षिप्तता, सुबोधता, उक्ति वैचित्र्य, विशिष्ट पदरचना, रसात्मकता, रमणीयता र सौन्दर्यात्मकता जस्ता विभिन्न गुणहरूले कविता निर्माण भएको पाइन्छ । कविताले मानिसलाई आनन्दानुभूति दिने मात्र नभई असल चरित्र निर्माण, सिर्जनात्मकता, बौद्धिक क्षमताको विकास, शुद्धोच्चारण, शब्दभण्डार क्षमताको विकासमा समेत सहयोग पुऱ्याउँछ ।

कवितालाई पनि गद्य र पद्य गरी दुई भागमा विभाजन गरिएको छ । शास्त्रीय नियममा बाँधिएर लय, भाव र छन्दको मिश्रणका साथ रचना गरिएका कवितालाई पद्य कविता भनिन्छ । यस्ता कविता रचना गर्दा शास्त्रीय छन्द र नियम अनुशासनमा रहेर रचना गरिएको हुन्छ । पद्य कवितामा लयबद्धता पाइन्छ । त्यसकारण पद्य कवितालाई छन्दबद्ध कविता पनि भनिन्छ भने कुनै पनि शास्त्रीय नियममा नरहेर स्वतन्त्र रूपमा रचना गरिएको कवितालाई गद्य कविता भनिन्छ । यस्ता कवितामा स्वच्छन्दता आन्तरिक लयात्मकता रहेको हुन्छ । गद्य कविता रचना गर्दा कुनै पनि नियम र अनुशासनमा रहनु पर्दैन । त्यसैले गद्य कवितालाई छन्दोमुक्त कविता पनि भनिन्छ । प्राचीनकालमा रचिएका कविताहरू पद्य शैलीमा भएको पाइए पनि आजभोलि सजिलोका लागि गद्य कविता नै बढी मात्रामा प्रचलनमा आएको पाइन्छ । विद्यार्थीहरूमा भाषिक सिप विकास गराउन पनि कविता शिक्षण अति नै उपयोगी हुने

भएकाले प्रारम्भिक तहदेखि उच्च तहसम्म पनि कविता शिक्षण रही आएको छ । निम्न माध्यमिक तहमा कविताका माध्यमबाट विद्यार्थीहरमा भाषिक सिप विकासका साथै भावात्मक, लयात्मक र सिर्जनात्मक अभिव्यक्तिको विकास हुन्छ ।

## २.२ कविताको परिभाषा

कविताका बारेमा विभिन्न विद्वान्हरुले आआफ्नै किसिमका परिभाषाहरु प्रस्तुत गरिएको पाइन्छ । जसमध्ये केही निम्नानुसार प्रस्तुत गरिएको छ :

**पाश्चात्य साहित्यकारका परिभाषाहरु**

१. भाषाका माध्यमले अनुकरण गरिने कलाको आदर्श रुप नै कविता हो । - अरस्तु

२. कविको लेखनीमा साक्षात् भएर बिउँभिने कल्पना नै कविता हो । - सेक्सपियर

३. शान्तिका क्षणमा संस्मरण गरिने तत्कालिक सबल तथा सशक्त मनोवेगको स्वतस्फूर्त उच्छलन वा स्वच्छन्द प्रवाह नै कविता हो । - वर्डस्वर्थ

४. तीब्रतम दु:खको कथा नै सबभन्दा मीठो गीत/कविता हो । - शैली

५. सौन्दर्यको लयपूर्ण सृष्टि नै कविता हो । - एड्गर एलेन पो

६. कल्पनाद्वारा गरिने उच्चतर भावको निर्देश नै कविता हो । - जोन रस्किन

**पूर्वीय साहित्यकारको परिभाषाहरु**

१. अभीष्ट अर्थले युक्त पदावली काव्य हो । - दण्डी

२. गूढ शब्दार्थहीन कोमल र ललित पद विन्यासयुक्त सुबोध, सङ्गीतात्मक र रसात्मक सन्धियुक्त रचना नै काव्य हो । - भरतमूनि

३. शब्द र अर्थको मेल वा संयुक्तता नै काव्य हो । - भामह

४. दोषमुक्त, गुणयुक्त तथा अलङ्कारयुक्त शब्दार्थ नै काव्य हो । - मम्मट

५. रसात्मक वाक्य नै काव्य हो । - विश्वनाथ

६. रमणीय अर्थ प्रतिपादन गर्ने शब्द नै काव्य हो । - जगन्नाथ

**नेपाली साहित्यकारका केही परिभाषाहरु**

१. भावनाको बौद्धिक कोमलता नै कविता हो ।  - बालकृष्ण सम

२. शब्द र सङ्गीत, अर्थ र अभिप्रायमा तदाकार भएर जो अनौठो अनुभूति हुन्छ, त्यही नै कविता हो ।  - माधवप्रसाद घिमिरे

३. कवि कविता होस् कविता कवि होस् कविता तब पो हुन्छ शब्द थुपारिकन के हुन्छ ? भाव भए पो हुन्छ ।  - पारसमणि प्रधान

४. तीब्रगामी कल्पनाको घोडामाथि अनुभूतिको काठी कसी विचारको लगाम समातेर वा पक्रेर भावुकता चढेको नै कविता हो ।  - केदारमान व्यथित

५. ...... कविले चराजस्तै बोल्नुपर्ने, हृदयले हृदयलाई बोलाउनु पर्ने, शैलीका निम्ति लेख्न नहुने, फेला परेअनुसारका झिल्काझिल्की लेख्नुपर्ने, परिष्कार गर्नपट्टि लाग्न नहुने, सचेत अनुकरणबाट सौन्दर्य निकाल्न नहुने ...... । - लक्ष्मीप्रसाद देवकोटा

## २.३ कविता शिक्षणको विधि

कविता शिक्षण कार्य अन्य विधा शिक्षण विधिको तुलनामा कठिन कार्यको रूपमा लिइन्छ किनभने कविता अध्ययन गरेर आनन्दानुभूति भएन भने त्यो निरर्थक हुन्छ । त्यसैले कविता अध्ययन गरेर त्यसलाई सौन्दर्यात्मक पाराले बुझ्नु गाह्रो काम हो । त्यसकारण कविता विधामा शिक्षण विधिको भूमिका विशेष रहन्छ । कवितालाई प्रभावकारी शिक्षणको लागि उपयुक्त विधिको आवश्यकता पर्दछ । साथसाथै उपयुक्त वातावरणको पनि आवश्यक हुन्छ, जब कि शिक्षकले गरेको आदर्श पाठ सबै विद्यार्थीहरूले ग्रहण गर्न सकून् । कविता शिक्षण गर्दा शिक्षकले आदर्श पाठ गर्न समुचित लय, सस्वरवाचन जस्ता कुरालाई ध्यान दिनुपर्दछ । जसले गर्दा विद्यार्थीहरू कविताप्रति आकर्षित हुन्छन् । कविता शिक्षण अन्य विधाभन्दा भिन्न भएकोले यसको शिक्षण गर्दा विषयवस्तुको प्रकृति, विद्यार्थीको उमेर, स्तरअनुसार विभिन्न विधिहरू अपनाउनुपर्दछ । शिक्षण सिकाइ क्रियाकलाप र शिक्षण विधि एकअर्काका परिपूरक

भएकाले क्रियाकलापमा विधि प्रयोग स्वतः हुन्छ । तसर्थ कविता शिक्षण गर्दा अपनाइने विधिहरूको सामान्य रूपमा चर्चा निम्नानुसार रहेको छ :

**१) गीत तथा अभिनय विधि**

कविता शिक्षण गर्दा गीतको लयमा गाएर वा संवादयुक्त पद्यांशहरूको अभिनय गरेर कविता शिक्षण गर्ने विधिलाई गीत तथा अभिनय विधि भनिन्छ । यस विधिमा कविताको अर्थभन्दा लय र तालमा जोड दिइन्छ । अभिनय प्रधान अंशहरूमा आङ्गिक चेष्टाद्वारा कविता शिक्षण गरिन्छ । बालबालिकाहरूलाई लय र तालसँग परिचित गराएर कविताको भाव ठम्याउन र कविता कण्ठस्थ गर्न यो विधि प्रभावकारी हुन्छ । निम्न माध्यमिक तहका विद्यार्थीहरूलाई गीत तथा अभिनयको आनन्दले कविताप्रति आकर्षित गराउन सकिन्छ । यो विधिद्वारा कविता शिक्षण गर्दा शिक्षकले गीतका शैलीमा हाउभाउपूर्ण तरिकाले कवि‍ा वाचन गरेपछि विद्यार्थीहरूलाई पनि सामूहिक रूपमा अनुकरण गर्न लगाइन्छ । यसरी शिक्षण गर्दा विद्यार्थीहरूले सजिलो अनुभव गर्दछन् ।

**२) अर्थबोध विधि**

अर्थबोध विधिमा कविताको प्रत्येक पङ्क्तिको अर्थ बताउँदै शिक्षण गरिन्छ । यो विधिले कविताको अन्य पक्षहरूको वास्ता नगरिकन अर्थलाई मात्र महत्त्व दिन्छ । शिक्षण सिद्धान्तको दृष्टिले यो विधि अवैज्ञानिक र शिक्षक केन्द्रित देखिन्छ तर पनि कतिपय विद्यालयहरूमा कविता शिक्षण गर्दा यो विधि पनि उपयोग गर्ने गरिन्छ ।

**३) व्याख्या विधि**

पाठ्य कविताको हरेक अंशको विस्तृत रूपमा व्याख्या विश्लेषण गरी शिक्षण गरिने विधिलाई व्याख्यान विधि भनिन्छ । यो विधिद्वारा शिक्षण गरिने क्रममा पाठ्य कविताको रस, छन्द, अलङ्कारका साथै आवश्यक स्थानमा उदाहरण पनि दिने गरिन्छ । यो विधि विशेषतः उच्च तहमा उपयुक्त मानिन्छ ।

## ४) खण्डान्वय विधि

पाठ्य कवितामा प्रयुक्त शब्द वा प्रसङ्गअनुसार प्रश्न गर्दै शिक्षण गरिने विधिलाई खण्डान्वय विधि भनिन्छ । यसलाई प्रश्नोत्तर विधि पनि भनिन्छ । विश्लेषणको प्रचुरता, घटनाहरूको आधिक्यता र भावको गहनता भएको कविता शिक्षणमा यो विधि प्रभावकारी मानिन्छ । शब्दहरूको विशिष्ट अर्थ र विद्यार्थी सक्रियतामा जोड दिइने हुँदा कक्षाको वातावरण पनि अनुकूल र सहज हुन्छ । विद्यार्थी र शिक्षक दुवैको बढी मात्रामा सक्रियता रहन्छ ।

## ५) तुलनात्मक विधि

कविता शिक्षण गर्दा एउटै कविका उस्तै भाव भएका कविताहरूबिच तुलना गर्दै शिक्षण गरिने विधिलाई तुलनात्मक विधि भनिन्छ । यस विधिमा कविताहरूबिच समानता र असमानताहरूको पहिचान गरिन्छ । खासगरी यो विधि माथिल्ला कक्षाहरूमा बढी प्रभावकारी हुन्छ । यसबाट विद्यार्थीको विवेचना गर्ने शक्तिको विकास, तर्क गर्ने शक्ति र कविताहरूको आधारमा तुलना गर्ने तुलनात्मक शक्तिको विकास हुन्छ र कविताप्रति विद्यार्थीहरूको रुचि पनि बढाउन सकिन्छ ।

## ६) व्यास विधि

माथिल्ला कक्षाहरूमा भावयुक्त कविताहरूको शिक्षणमा यो विधि प्रभावकारी मानिन्छ । व्याख्यान विधिको विस्तृत रूप नै व्यास विधि भएकोले यस विधिमा पाठ्य उद्धरणको विस्तृत व्याख्या गरिन्छ । व्याख्या गर्दा उदाहरणसहित पद्यांशको अन्तर्निहित भावलाई प्रष्ट पारिन्छ ।

## ७) समीक्षा विधि

यो विधिमा शिक्षकले पाठ्य कविताको समीक्षा गर्ने आधार बनाइदिएर वा प्रश्नोत्तरका माध्यमबाट सम्बन्धित कविताका गुण र दोषहरू पहिल्याई समीक्षा गर्न दिनुपर्दछ । यो विधिबाट शिक्षण गर्दा विद्यार्थी बढी मात्रामा सक्रिय हुन्छन् । कविताको

भाव, शैली, छन्द, अलङ्कार, रस, उद्देश्य आदिका आधारमा समीक्षात्मक शिक्षण गर्नुपर्ने भएकोले यो विधि तल्ला कक्षाहरूमा नभएर उच्च कक्षाहरूमा प्रभावकारी हुन्छ ।

## २.३ कविता शिक्षण क्रियाकलापको परिचय

पाठ्यक्रममा निर्दिष्ट लक्ष्य र उद्देश्य प्राप्तिका लागि विषयवस्तु, विधाअनुरूपका प्रभावकारी शिक्षण सिकाइ क्रियाकलापको आवश्यकता पर्दछ । भाषा शिक्षकले शिक्षण कार्य गर्दा विधिलाई भन्दा कार्यकलापलाई बढी जोड दिनु पर्दछ । त्यसैले प्रा.वि. नि.मा.वि. तहमा शिक्षण क्रियाकलापमा जोड दिनु उपयुक्त हुन्छ । शिक्षण क्रियाकलापमुखी भयो भने विधिको प्रयोग स्वतः हुन्छ किनभने शिक्षण विधि र शिक्षण क्रियाकलापबिच घनिष्ट सम्बन्ध रहेको हुन्छ । शिक्षकले पूर्व ज्ञान, अनुभव, उद्देशय आदिका आधारमा भिन्न किसिमले शिक्षण गरे पनि सामान्यतयाः भाषिक सिप विकासका लागि कविता शिक्षण गर्दा निम्न कार्यकलापहरू गर्न सकिन्छ :

### १) प्रस्तावना

यसअन्तर्गत पाठ्य कवितका बारेमा सामान्य र अति सङ्क्षिप्त परिचय दिनुपर्दछ । तल्ला तहमा समाविष्ट कवितामा कविका बारेमा छोटो परिचय दिनुपर्दछ तर उच्च तहमा समाविष्ट कवितामा भने कविका बारेमा काव्यगत प्रवृत्तिहरूको विश्लेषणसहित शिक्षण गर्नुपर्दछ । प्रस्तावनाको मूल उद्देश्य विद्यार्थीहरूलाई पाठ्यवस्तुतिर आकर्षित गर्नु हो ।

### २) शब्दार्थसम्बन्धी कठिनाइको निवारण

पाठ्य कवितामा कतिपय शब्दहरू कठिन हुन सक्छन् । प्रस्तावनापछि कठिन शब्दको शिक्षण गर्दा विद्यार्थीहरूलाई कविता भावार्थ बुझ्न सजिलो हुन्छ । कठिन शब्दहरूको पहिचान शिक्षकले आफ्नो अनुभवका आधारमा र विद्यार्थीहरूको सहयोगबाट गर्नुपर्दछ । कठिन शब्दहरू कालोपाटीमा टिपेर ती शब्दहरूको अर्थ, पर्यायवाची शब्द दिएर, परिभाषा दिएर, आशय बताएर, वस्तु तथा चित्र प्रतिमूर्ति

देखाएर अभिनय गरेर वा वाक्यमा प्रयोग गरेर अर्थ स्पष्ट पार्नुपर्दछ । विपरितार्थक शब्द दिएर पनि शब्दको अर्थ बुझाउन सकिन्छ ।

### ३) आदर्श पाठ

शब्दार्थसम्बन्धी कठिनाइको निवारणपछि शिक्षकद्वारा पाठ्य कविताको गति, यति र लय मिलाई आदर्श पाठ गर्नुपर्दछ । शिक्षकको स्वर अनुकरणीय छैन भने विद्यार्थीहरूको सहयोग लिएर अथवा टेप रेकर्डरको माध्यमबाट पनि आदर्श पाठ गर्न सकिन्छ । लयबोधका लागि आदर्श पाठ महत्त्वपूर्ण नमुना हुने भएकोले शिक्षक सचेत हुनुपर्दछ । आदर्श पाठका क्रममा आरोह अवरोह स्वभाविक र सजीव हुनुपर्दछ ।

### ४) अनुकरणवाचन

आदर्श पाठपछि सोहीअनुसारको सामूहिक वा एकल रूपमा विद्यार्थीलाई वाचन गर्न लगाउनुपर्दछ । यसरी अनुकरण वाचन गराउँदा विद्यार्थीहरूलाई छन्द, लय र भावअनुसार उचित आरोह अवरोहका साथ लयवाचन गराउने अभ्यास गर्नुपर्दछ । यस क्रममा उच्चारणसम्बन्धी त्रुटि भएमा शिक्षकले सुधार गरिदिनुपर्दछ ।

### ५) बोध प्रश्नोत्तर

अनुकरण वाचनपछि पाठ्य कविताका बारेमा विद्यार्थीहरूमा सामान्य धारणा सिक्ने हुँदा स-साना बोध प्रश्नहरू गराउँदा प्रभावकारी हुन्छ । यसो गर्नाले विद्यार्थीहरूमा आत्मनिर्भरता बढ्नुको साथै शिक्षकले विद्यार्थीहरूमा रहेको कमी कमजोरीहरू पहिचान गरेर निराकरण गर्न पनि सजिलो हुन्छ ।

### ६) भावार्थसम्बन्धी अभ्यास

बोध प्रश्नपछि विद्यार्थीहरूलाई पृष्ठपोषण दिने क्रममा पाठसँग सम्बन्धित शैक्षिक सामग्रीको प्रयोग गर्नुपर्दछ । यसरी पाठ्य कविताको भाव पक्षको व्याख्या गर्दै उनीहरूलाई पनि उक्त कार्य गर्न लगाउनुपर्दछ ।

### ७) छन्दको ज्ञान

पद्य कविता छन्दमा रचिने हुँदा पाठ्य कविता गद्य वा पद्य कुन हो भनी छुट्याएर पद्य भए कुन छन्दमा रचना गरिएको हो भनी विद्यार्थीहरूलाई जानकारी दिनुपर्दछ । यसरी छन्दको जानकारी पाएमा कविता गति, यति र लय मिलाई वाचन गर्न सजिलो हुन्छ ।

### ८) सिर्जनात्मक क्षमताको विकास

कविता शिक्षणबाट विद्यार्थीहरूमा पनि सिर्जना शक्ति बढोस् भन्ने आशा राखिएको हुन्छ । यसका लागि उनीहरूलाई स्वतन्त्र रूपमा शीर्षक छान्न दिएर अथवा शिक्षकले नै शीर्षक दिएर कविता रचना गर्न लगाउनुपर्दछ । यसका लागि विद्यालयमा गरिने अतिरिक्त क्रियाकलापअन्तर्गत कविता प्रतियोगिता पनि गराउन सकिन्छ ।

### ८) मूल्याङ्कन

यस कार्यकलापमा विद्यार्थीहरूलाई पाठ्य कविताको बारेमा विभिन्न प्रश्न गरी मूल्याङ्कन गर्ने गरिन्छ । यसप्रकारको मूल्याङ्कन उक्त दिनको पाठमा मात्र आधारित हुन्छ । पाठका अन्त्यमा विद्यार्थीहरूले के कति बोध गरे भनेर मूल्याङ्कन गरिन्छ र उनीहरूलाई आवश्यक पृष्ठपोषण पनि प्रदान गर्नुपर्दछ । अन्त्यमा केही महत्त्वपूर्ण कुराहरूलाई गृहकार्यका रूपमा पनि दिन सकिन्छ ।

# अध्याय तीन

# नि.मा.वि.तहमा कविता शिक्षणका प्रमुख कार्यकलापहरू

## ३.१ नि.मा.वि.तहमा शिक्षाको तहगत उद्देश्य

राष्ट्र र प्रजातन्त्रप्रति आस्थावान्, सामाजिक र प्राकृतिक वातावरणप्रति भाषिक व्यवहारमा सक्षम, गणित, नेपाली भाषा र विज्ञान विषयमा उपयुक्त स्तरका ज्ञान भएका, श्रमप्रति सकारात्मक प्रवृत्ति भएका स्वस्थ्य, स्वावलम्बी एवम् चरित्रवान् नागरिक तयार गर्ने यस तहको शिक्षाको उद्देश्य रहेको छ (नि.मा.वि.तहको पाठ्यक्रम)।

## ३.२ कविता शिक्षणको आवश्यकता

कविता साहित्यका विभिन्न विधाहरूमध्येको एक सशक्त पद्य विधा हो । जसले मानवीय अन्तरआत्माको अभिव्यक्ति सुन्दर र रमणीय ढङ्गले प्रकट गर्न सहयोग पुऱ्याउँछ । प्राचीन कालदेखि नै कविता विधाले मानिसलाई आनान्दानुभूति दिने काम पनि गर्दै आएको पाइन्छ । यसरी सौन्दर्यपूर्ण ढङ्गले प्रस्तुत गर्दा आनन्दको अनुभूति मिल्नाको साथै रुचि पनि बढ्छ । त्यसकारण विद्यालय स्तरमा पनि कविता विधाको अध्ययनले विद्यार्थीहरूको आन्तरिक अभिव्यक्ति क्षमता, शुद्धोच्चारण, लयात्मक अभिव्यक्ति, भाषिक प्रवाहमयता, सिर्जनात्मक अभिव्यक्ति क्षमता आदिजस्ता पक्षको विकास हुन्छ । कविता शिक्षणले भाषा सिकाइलाई सरल र रुचिपूर्ण बनाउँदछ । साथै विद्यार्थीहरूको भावनात्मक विकास पनि गर्दछ । कविता शिक्षणले विद्यार्थीहरूमा देश प्रेम, सद्भावना, दया, सहानुभूति जस्ता उच्च आदर्श गुणहरूको विकास गर्दछ ।

साहित्यका सबै विधाभन्दा कविता विधा फरक हुनुको मुख्य कारण नै लय विधान हो । किनभने कविता वाचन गर्दा लयले विशेष भूमिका निर्वाह गरेको हुन्छ । विद्यार्थीहरूलाई कविता शिक्षण गर्दा लय मिलाएर वाचन गर्न सिकाउनुपर्दछ र उनीहरूले बुझ्ने गरी कविताको भाव सरल तरिकाले बोध गराउनुपर्छ । कवितामा रहेको यही आकर्षक तथा मनोरञ्जनात्मक शैलीले बालबालिकाहरूमा कविताप्रति रुचि

बढ्छ । त्यसैले कविता शिक्षण गराउँदा कविताको रसास्वादनमा विशेष जोड दिनुपर्दछ ।

कविता शिक्षणले विद्यार्थीमा लयानुभाव, सस्वरवाचन, सिर्जनात्मक लेखन, शुद्धोच्चारण, खुल्ला भावना, शब्दभण्डारको विकास तथा वाक्यरचना आदिजस्ता सिपहरूको विकास गराउँदछ । विद्यार्थीहरूको व्यक्तित्व विकास, कल्पना शक्तिको विकास, भाषा सिकाइलाई सहज र प्रभावकारी बनाउनको लागि कविता शिक्षणको आवश्यकता पर्दछ । बालबालिकाको यिनै विविध पक्षको विकास हुने भएकाल कविता शिक्षणको आवश्यकता झन् झन् बढ्दै गएको पाइन्छ । कविता शिक्षणको प्रमुख आवश्यकताहरू यसप्रकार रहेका छन् :

- विद्यार्थीहरूमा गति, यति मिलाई सस्वरवाचन गर्ने क्षमताको विकास गर्न,
- कविताप्रति रुचि जगाइ राख्न,
- सिर्जनात्मक पक्षको विकास गर्न,
- कल्पनाशक्ति बढाउन,
- प्रेम, सहानुभूति र खुल्ला भावनाको विकास गर्न,
- व्यक्तित्व विकासका साथै नैतिकवान् चरित्र निर्माण गर्न,
- शुद्धोच्चारण, गति, यति, शब्दभण्डार तथा वाक्य रचनाजस्ता भाषिक विशेषताहरूको विकास गर्न,
- विश्लेषणात्मक क्षमता बढाउन ।

## ३.३ निम्न माध्यमिक तहमा कविता शिक्षणको प्रयोजन

हेमाङ्गराज अधिकारीका अनुसार निम्न माध्यमिक तहमा कविता शिक्षण गर्नुको प्रमुख उद्देश्य विद्यार्थीहरूलाई गति, यति र लय मिलाएर पाठ गर्न सिकाउनु र कविताको भावसँग परिचित हुने सिपको विकास गराउनु हो । यसका अतिरिक्त कविता

शिक्षणका माध्यमबाट विद्यार्थीहरूमा भाषिक सिपहरूको विकास गरी बोध र अभिव्यक्ति क्षमताको अभिवृद्धि गर्नु पनि यसको अर्को प्रमुख उद्देश्य हो । विभिन्न शैली र प्रकारका कविताबाट आस्वादन लिन, काव्यात्मक भाषा बुझ्न, थोरैमा धेरै भन्ने क्षमताको विकास गर्न, भावनाको परिष्कार गर्न, असल चरित्र निर्माण गर्न निम्न माध्यमिक तहमा कविता विधा समाविष्ट गरिएको हो । यस तहमा मुख्यतः श्रव्य र पाठ्य विधाका रूपमा रहेको छ, जसबाट गति, यति र लय मिलाई सस्वरपठन क्षमताको विकास, शब्दभण्डारमा वृद्धि, सिर्जनात्मक क्षमताको अभिवृद्धि हुन्छ ।

निम्न माध्यमिक तहमा कविता शिक्षणका उद्देश्यहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

- शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न,
- अरुले वर्णन गरेका कुराहरू बुझी आफ्नो शब्दमा व्यक्त गर्न,
- उच्चारित ध्वनिहरूको भिन्नता पहिल्याउन र सोहीअनुरूप उच्चारण गर्न,
- साहित्यिक विधाका पाठहरूबाट रसास्वादन प्राप्त गर्न र प्रतिक्रिया दिन,
- लिखित सामग्रीहरूलाई गति, यति मिलाई शुद्ध र स्पष्टसँग सस्वरवाचन गर्न,
- हिज्जे र वाक्य मिलाई सफा र शुद्धसँग लेख्न,
- कवितामा भएका मुख्य मुख्य कुराहरू बुझेर बताउन,
- पाठका विशिष्ट अंशहरूको भाव विस्तार गर्न,
- व्याकरणका आधारभूत तत्त्व बुझी तिनको उचित प्रयोग गर्न ।

### ३.४ नि.मा.वि. तहमा कविता शिक्षणका प्रमुख कार्यकलापहरू

नेपाली भाषा शिक्षण एउटा चुनौतिपूर्ण कार्य हो किनभने भाषा पाठ्यपुस्तकमा विविध विधाहरू समावेश गरिएको हुन्छ । पाठ्यक्रमले तोकेको लक्ष्य र उद्देश्य प्राप्तिका लागि विषयवस्तु, विधा अनुरूपका प्रभावकारी शिक्षण सिकाइ

कार्यकलापहरूको आवश्यकता पर्दछ । गद्य र पद्य विधाको शिक्षण गर्दा के कस्ता कार्यकलापहरू प्रयोग गर्ने भन्ने बारेमा शिक्षकमा ज्ञान हुनुपर्दछ ।

निम्न माध्यमिक तहमा कविता शिक्षणको प्रमुख उद्देश्य गति, यति, लय मिलाएर शुद्ध, स्पष्ट रूपमा सस्वरवाचन गर्ने, कविताको भाव बुझ्ने, मुख्य पद्यांशहरूको सप्रसङ्ग भाव विस्तार गर्न सक्ने साथै सरल किसिमका कविता रचना गर्ने सिर्जनात्मक क्षमताको विकास गर्ने अपेक्षा गरिने भएकोले शिक्षण विधिमा भन्दा कार्यकलापमा बढी जोड दिई विद्यार्थीहरूलाई सक्रिय गराई कविता शिक्षण गराउनुपर्दछ । निम्न माध्यमिक तहमा कविता शिक्षण गर्दा निम्न कार्यकलापहरू क्रमिक रुपमा अवलम्वन गर्नुपर्दछ :

### ३.४.१ प्रस्तावना

यसअन्तर्गत पाठ्य कविताको कविका बारेमा सामान्य परिचय दिनुपर्दछ । प्रस्तावनाको मूल उद्देश्य विद्यार्थीहरूलाई पाठ्यवस्तुतिर आकर्षित गर्नु मात्र भएकोले सुरुमै गहन विश्लेषण आवश्यक हुँदैन ।

### ३.४.२ शब्दार्थसम्बन्धी कठिनाइ निवारण

पाठ्य कवितामा रहेका कठिन शब्दले लयवाचन, भावबोधमा कठिनाइ उत्पन्न हुने भएकाले कविता शिक्षण गर्दा सर्वप्रथम शब्दार्थ शिक्षण गर्नुपर्दछ । शिक्षकले पाठ्य कवितामा भएका कठिन शब्दहरू विद्यार्थीहरूलाई भन्न लगाई कालोपाटीमा टिप्दै जानुपर्दछ । त्यसपछि शिक्षकले पर्यायवाची शब्द दिएर, परिभाषा बताएर, प्रतिमूर्ति देखाएर, विपरितार्थक शब्द बताएर अर्थ खुल्ने गरी विद्यार्थीहरूलाई वाक्यमा प्रयोग गर्न लगाउनुपर्दछ । शब्दार्थ शिक्षण गर्दा शब्दपत्ती, वाक्यपत्ती, अर्थपत्ती, गोजीतालिका, फ्लाटिनपाटी आदिजस्ता शैक्षिक सामग्रीको प्रयोग गर्दा अझ शिक्षण प्रभावकारी हुन्छ ।

### ३.४.३ लयबोध

शब्दार्थसम्बन्धी कठिनाहरूको निवारणपछि लयवाचन कार्यकलाप गराउनुपर्दछ । लयबोधमा सुरुमा शिक्षकले गति, यति र लय मिलाएर आदर्शवाचन गर्नुपर्दछ । त्यसपछि विद्यार्थीहरूलाई सामूहिक रूपमा अनुकरणवाचन गराउनुपर्दछ । यो कार्यकलाप गराउँदा विद्यार्थीहरूले गति, यति र लय मिलाएको वा नमिलाएको शिक्षकले ख्याल गरी पृष्ठपोषण दिनुपर्दछ । समूहवाचनपछि एकलवाचन गर्न लगाउनुपर्दछ ।

### ३.४.४ बोध प्रश्नोत्तर

लयबोध गराइसकेपछि विद्यार्थीहरूलाई कविताका बारेमा स-साना बोध प्रश्नोत्तर कार्यकलाप गराउनुपर्दछ किनभने लयवाचन गर्दा विद्यार्थीहरूमा कविताका बारेमा सामान्य धारणा बसिसकेको हुन्छ । त्यसैले मौखिक प्रश्नोत्तर गराउनु उपयुक्त हुन्छ । जसबाट विद्यार्थीहरूमा हुने परनिर्भरता घटनाका साथै शिक्षकलाई विद्यार्थीहरमा भएको कठिनाइको बारेमा जानकारी हुन्छ र त्यसको निराकरण गर्न सजिलो हुन्छ ।

### ३.४.५ भावार्थ बोध

बोध प्रश्नोत्तर कार्यकलापपछि भाव बोधको कार्यकलाप गराउनुपर्दछ । यसो गर्दा निश्चित हरफहरू दिई त्यसमा व्यक्त भएको भाव बताउन लगाउनुपर्दछ । यो कार्यकलाप गराउँदा विद्यार्थी तथा शिक्षक दुवै पक्षको सहभागिता हुनुपर्दछ । भावार्थ बोधको कार्यकलापको लागि सम्बन्धित कविताको भाव वा सारांश छर्लङ्ग पार्ने खालका चित्र आदि शैक्षिक सामग्रीको प्रयोग गरेमा शिक्षण अझ प्रभावकारी हुन्छ ।

### ३.४.६ सारांश भन्ने र लेख्ने

भावाथ बोध कार्यकलाप गराइसकेपछि सम्बन्धित कविताले बताउन खोजेका मुख्य मुख्य कुराहरू भन्न र लेख्न लगाउनुपर्दछ । यस कार्यकलाप गराउँदा सुरुमा विद्यार्थीहरूलाई पाठ्य कविताका मुख्य कुराहरू भन्न र त्यसपछि भनेका कुराहरूलाई

क्रमबद्ध रूपमा लेख्न लगाउनुपर्छ । यसो गर्नाले मुख्य कुरा पहिचान गर्न सक्ने क्षमताको विकास हुनुका साथै बोलाइ तथा लेखाइ सिपको समेत विकास हुन्छ ।

### ३.४.७ सिर्जनात्मक क्षमताको विकास

कविता शिक्षण कार्यकलापबाट विद्यार्थीहरूमा सिर्जनात्मक क्षमताको विकासको अपेक्षा गरिन्छ । उक्त पक्षको विकासको लागि शिक्षकले विद्यार्थीहरूलाई स्वतन्त्र रूपमा शीर्षक छान्न दिएर वा आफैंले शीर्षक दिएर सिर्जनात्मक अभ्यास गराउनुपर्दछ । सिर्जनात्मक क्षमता विकासको लागि कक्षाकोठामा मात्र सीमित नभई विद्यालयमा प्रा.वि., नि.मा.वि. र मा.वि. स्तरीय कविता प्रतियोगितालाई अतिरिक्त क्रियाकलापका माध्यमद्वारा गराउन पनि सकिन्छ ।

## ३.५ सारांश

साहित्यका श्रव्य र दृश्य भेदमध्ये कविता श्रव्य भेदअन्तर्गत पर्दछ । लय, भाव र छन्दको उचित संयोजनबाट नै कविता सिर्जना हुन्छ । कवितामा कल्पना, भाव र बुद्धि तीनै पक्षको सम्मिश्रण पाइन्छ । कविता गद्य र पद्यमा रचना गरिएको हुन्छ । छन्दको नियममा नबाँधिकन रचना गरिएका कविता गद्य कविता हुन् भने शास्त्रीय नियमको प्रयोग गरी रचना गरिएका कविता पद्य कविता हुन् । भाषा शिक्षणका क्षेत्रमा कविता शिक्षणलाई एक महत्त्वपूर्ण विधा शिक्षणका रूपमा लिइन्छ ।

निम्न माध्यमिक तहमा मूलतः गति, यति, लय मिलाई सस्वरपठनको अभ्यास गराउन, शुद्ध उच्चारण गर्न, भावार्थ बताउन साथै बोलाइ र लेखाइ सिपको विकास गर्न, शब्दभण्डार विकास, कल्पनाशक्तिको विकास जस्ता उद्देश्य राखेर कविता शिक्षण गरिन्छ । कविता शिक्षणका विविध विधिहरू प्रचलित छन् तर पनि निम्न माध्यमिक तहमा विधिमा भन्दा पनि कार्यकलापमा बढी जोड दिएर कविता शिक्षण गर्नु प्रभावकारी हुन्छ ।

कविता शिक्षण कार्यकलाप गर्दा विद्यार्थीहरूलाई पाठ्यवस्तुतर्फ आकर्षित गर्ने कार्यकलापहरू गर्नुपर्दछ । कविता शिक्षण सुरु गर्नुभन्दा पहिले त्यस कविता रचना गर्ने

कविको बारेमा परिचय दिँदा विद्यार्थीहरू कविताप्रति उत्सुक एवम् आकर्षित हुन्छन् । त्यसपछि शब्दार्थसम्बन्धी कठिनाइहरूको निवारणतर्फ लाग्नुपर्दछ । कठिन शब्दहरूलाई विभिन्न शब्दपत्ती, वाक्यपत्ती जस्ता सामग्रीहरू प्रयोग गरी निवारण गर्नुपर्दछ । त्यसपछि मात्र लयबोध कार्यकलाप गराउनुपर्दछ । लयबोध गराउँदा शिक्षक आफैं वा कुनै प्रतिभावान् विद्यार्थीद्वारा आदर्शवाचन गराउने, त्यसपछि समूहवाचन र एकलवाचन गराउनुपर्दछ । लयबोध पश्चात् विद्यार्थीहरूलाई बोध प्रश्नोत्तर गराउनुपर्दछ । बोध प्रश्नोत्तर गर्दा विद्यार्थीहरूमा भएका कठिनाइहरूबारे जानकारी हुन्छ र त्यस्ता कठिनाइहरू भए शिक्षकले पृष्ठपोषणका साथ निवारण गर्नुपर्दछ । त्यसपछि विद्यार्थीहरूलाई भावार्थ बोधतर्फ प्रेरित गराउनुपर्दछ । सम्भव भएसम्म शिक्षकले चित्र, तस्वीर आदि शैक्षिक सामग्रीहरू प्रयोग गरेर भावलाई प्रष्ट पार्नुपर्दछ । भावबोध गराइसकेपछि सारांश भन्न र लेख्न लगाउने कार्यकलाप गराउनुपर्दछ । विद्यार्थीहरूमा अपेक्षा गरिएको सिर्जनात्मक क्षमता विकासको लागि विभिन्न शीर्षकहरू दिएर विद्यार्थीहरूलाई कविता रचना गर्न लगाउनुपर्दछ । यसरी कविता शिक्षण गर्दा कार्यकलापमा जोड दिई विद्यार्थी केन्द्रित विधिको प्रयोग गरी विद्यार्थीहरूलाई बढी सक्रिय बनाउनुपर्दछ अनिमात्र अपेक्षा गरिएको उद्देश्य प्राप्त हुन्छ ।

# अध्याय चार

# तथ्याङ्कको व्याख्या तथा विश्लेषण

## ४.१ परिचय

यस शोधकार्यमा तय गरिएका उद्देश्यहरू पूरा गर्ने क्रममा यस अध्यायमा प्राप्त विवरणअनुसार व्याख्या तथा विश्लेषण गरिएको छ । यसअन्तर्गत वर्तमान अवस्थामा सञ्चालनमा रहेका सरकारी तथा निजी विद्यालयहरूमा नेपाली भाषा शिक्षण गर्ने शिक्षकहरू, तालिम प्राप्त शिक्षक र तालिम अप्राप्त शिक्षकहरूले कक्षा ६ मा कविता शिक्षण गर्ने क्रममा अपनाएका शिक्षण कार्यकलापहरूको कक्षा अवलोकन तथा प्रश्नावली फाराममा शिक्षकहरूले दिएका उत्तरहरूको आधारमा रहेर तथ्याङ्कहरूको विश्लेषण गरिएको छ । जुन विवरण सरकारी र निजी विद्यालय शिक्षकहरू, तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकहरू बिचको तुलनात्मक विवरण यसप्रकार रहेको छ :

## ४.२ विद्यालय र शिक्षकको विवरण

**तालिका नं. १**

| विद्यालयको किसिम | शिक्षकको किसिम | | जम्मा विद्यालय |
|---|---|---|---|
| | तालिम प्राप्त | तालिम अप्राप्त | |
| सरकारी विद्यालय | ५ | - | ५ |
| निजी विद्यालय | ३ | २ | ५ |
| जम्मा | ८ | २ | १० |

माथिको तालिकाअनुसार तथ्याङ्क सङ्कलनका लागि लमजुङ जिल्लाका तार्कुघाट, भोटेओडार र सुन्दरबजार गा.वि.स. का सरकारी र निजी गरी जम्मा १० वटा विद्यालय छनोट गरिएको छ । सरकारी र निजी विद्यालयका जम्मा १० जना नेपाली शिक्षण गर्ने शिक्षकहरूमा तालिम प्राप्त शिक्षकहरू सरकारी विद्यालयका ५ जना र निजी विद्यालयका ३ जना गरी जम्मा ८ जना रहेका छन् । सरकारी

विद्यालयमा तालिम अप्राप्त शिक्षक नभएको र निजी विद्यालयमा २ जना शिक्षक तालिम अप्राप्त रहेका छन् ।

यहाँ तालिम प्राप्त शिक्षक भन्नाले शिक्षाशास्त्र सङ्कायबाट नेपाली मूल विषय लिई प्रमाणपत्र तह, स्नातक तह, स्नातकोत्तर तह अध्ययन गरेको र कुनै संघ संस्थाबाट शिक्षणसम्बन्धी कम्तीमा १० महिना तालिम लिएका शिक्षकहरू हुन् ।

## ४.३ शिक्षक प्रश्नावली फारामबाट प्राप्त तथ्याङ्कको विश्लेषण

प्रस्तुत अध्ययनको उद्देश्य प्राप्तिका लागि तयार पारिएको शिक्षक प्रश्नावलीमा जम्मा १९ ओटा प्रश्नहरू समावेश गरिएका छन् । उक्त प्रश्नावली नेपाली भाषा शिक्षण गर्ने शिक्षकहरूलाई भर्न लगाइयो । शिक्षकहरूले भरेका प्रश्नावलीबाट प्राप्त उत्तरलाई यहाँ प्रतिशतसँगसँगै तुलनात्मक विश्लेषण गरी यस अध्यायमा देखाइएको छ ।

### ४.३.१ पाठयोजना

तपाइँ कविता शिक्षण गर्दा पाठयोजना बनाउनुहुन्छ कि हुन्न ? भन्ने प्रश्नमा प्रश्नावलीबाट प्राप्त तथ्याङ्कहरू यसप्रकार रहेका छन् :

**तालिका नं. २**

**सरकारी र निजी विद्यालयका शिक्षकको तुलना**

| **सरकारी विद्यालयका शिक्षक** | | | **निजी विद्यालयका शिक्षक** | | |
|---|---|---|---|---|---|
| बनाउने | नबनाउने | जम्मा | बनाउने | नबनाउने | जम्मा |
| ५ | - | ५ | ४ | १ | ५ |
| १००% | - | १००% | - | ८०% | १००% |

माथिको तथ्याङ्कलाई विश्लेषण गर्दा सरकारी विद्यालयका १००% शिक्षकहरूले पाठयोजना बनाएर भाषा शिक्षण गर्ने बताए भने पाठयोजना नबनाउने भने पाइएन । निजी विद्यालयका ८०% नेपाली भाषा शिक्षकले पाठयोजना बनाउने तथा २०% भाषा शिक्षकले पाठयोजना विना नै शिक्षण गर्ने बताए ।

**तालिका नं. ३**

**तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकबिचको तुलना**

| **सरकारी विद्यालयका शिक्षक** | | | **निजी विद्यालयका शिक्षक** | | |
|---|---|---|---|---|---|
| बनाउने | नबनाउने | जम्मा | बनाउने | नबनाउने | जम्मा |
| ९ | - | ९ | - | १ | १ |
| १००% | - | १००% | - | १००% | १००% |

उक्त तालिकालाई विश्लेषण गर्दा तालिम प्राप्त जम्मा (९ जना) १००% नेपाली भाषा शिक्षकले पाठयोजना बनाइ कविता शिक्षण गर्ने बताएका छन् भने छनोटमा परेका एक शिक्षकले पाठयोजना विना नै कविता शिक्षण गर्ने बताए ।

यसरी माथिको प्रश्नावलीबाट प्राप्त तथ्याङ्कलाई अध्ययन गर्दा सरकारी विद्यालयका तालिम प्राप्त शिक्षकको तुलनामा निजी विद्यालयका तालिम अप्राप्त शिक्षक कम मात्र शिक्षकले पाठयोजना नबनाउने तथ्य फेला पारियो । यसकारण यी शिक्षकलाई पाठयोजनाका बारेमा महत्त्व तथा आवश्यकता बताउनु पर्ने देखियो । साथै सम्पूर्ण शिक्षकहरूमा र विद्यालयहरूमा पाठयोजनाको महत्त्वका बारेमा व्यापक प्रचार गरी व्यावहारिक पक्षमा जोड दिनुपर्ने देखिन्छ ।

### ४.३.२ कविता शिक्षणको उद्देश्य

तपाइँ कविता शिक्षण गर्दा पाठयोजना बनाउनुहुन्छ कि हुन्न ? भन्ने प्रश्नमा प्रश्नावलीबाट प्राप्त तथ्याङ्कहरू यसप्रकार रहेका छन् :

**तालिका नं. ४**

**सरकारी र निजी विद्यालयका शिक्षकबिच तुलना**

| **सरकारी विद्यालयका शिक्षक** | | | **निजी विद्यालयका शिक्षक** | | |
|---|---|---|---|---|---|
| भाषिक सिप विकास | साहित्यिक रसास्वादन | जम्मा | भाषिक सिप विकास | साहित्यिक रसास्वादन | जम्मा |
| ४ | १ | ५ | २ | ३ | ५ |
| ८०% | २०% | १००% | ४०% | ६०% | १००% |

माथिको तथ्याङ्कअनुसार सरकारी विद्यालयका ८०% नेपाली भाषा शिक्षकले कक्षा ६ मा कविता शिक्षण गर्दा भाषिक सिप विकासको पक्षमा जोड दिने बताए भने २०% ले शिक्षकले साहित्यिक रसास्वादनमा जोड दिने बताए । त्यस्तै गरी निजी विद्यालयका ४०% भाषा शिक्षकले (१००%) साहित्यिक रसास्वादनका लागि कविता शिक्षण गर्ने बताए ।

**तालिका नं. ५**

**तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकबिच तुलना**

| **तालिम प्राप्त शिक्षक** | | | **तालिम अप्राप्त शिक्षक** | | |
|---|---|---|---|---|---|
| भाषिक सिप विकास | साहित्यिक रसास्वादन | जम्मा | भाषिक सिप विकास | साहित्यिक रसास्वादन | जम्मा |
| ६ | २ | ८ | - | २ | २ |
| ७५% | २५% | १००% | - | १००% | १००% |

माथिको प्राप्त तथ्याङ्कअनुसार तालिम प्राप्त ७५% भाषा शिक्षकहरुले भाषिक सिप विकास गर्न कविता शिक्षण गरेको बताए भने २५% शिक्षकहरुले साहित्यिक रसास्वादनका लागि कविता शिक्षण गर्ने बताए । त्यस्तै तालिम अप्राप्त २ जना शिक्षकले (१००%) साहित्यिक रसास्वादनका लागि कविता शिक्षण गर्ने बताए ।

प्रश्नावलीबाट प्राप्त विवरणअनुसार सरकारी र निजी दुवै विद्यालयका तालिम प्राप्त शिक्षकहरू पाठ्यक्रमले अपेक्षा गरेअनुसार भाषिक सिपविकास गराउने पक्षमा जोड दिइएको पाइयो भने केही तालिम अप्राप्त शिक्षकले साहित्यिक रसास्वादनका पक्षमा जोड दिइएको पाइयो ।

### ४.३.३ भाषिक सिप विकास

कविता शिक्षण विधा कुन भाषिक सिप विकासका लागि बढी महत्त्वपूर्ण मान्नुहुन्छ ? भन्ने प्रश्नमा प्रश्नावलीबाट प्राप्त विवरण यसप्रकार रहेका छन् :

**तालिका नं. ६**

**सरकारी विद्यालय र निजी विद्यालय शिक्षकको तुलना**

| **सरकारी विद्यालयका शिक्षक** | | | **निजी विद्यालयका शिक्षक** | | |
|---|---|---|---|---|---|
| सुनाइ/बोलाइ | पढाइ/लेखाइ | जम्मा | सुनाइ/बोलाइ | पढाइ/लेखाइ | जम्मा |
| २ | ३ | ५ | ४ | १ | ५ |
| ४०% | ६०% | १००% | ८०% | २०% | १००% |

माथिको तथ्याङ्कमा सरकारी विद्यालयका ४०% भाषा शिक्षकले सुनाइ/बोलाइ सिप पक्षमा जोड दिएको पाइयो भने ६०% शिक्षकले पढाइ/लेखाइमा जोड दिएर कविता शिक्षण गर्ने बताए । त्यस्तै निजी विद्यालयका ८०% नेपाली भाषा शिक्षकले सुनाइ बोलाइ सिपमा जोड दिएको पाइयो भने २०% भाषा शिक्षकले पढाइ लेखाइ सिपमा जोड दिएर कविता शिक्षण गर्ने गरेको पाइयो ।

**तालिका नं. ७**

**तालिम प्राप्त शिक्षक र तालिम अप्राप्त शिक्षकबिच तुलना**

| **तालिम प्राप्त शिक्षक** | | | **तालिम अप्राप्त शिक्षक** | | |
|---|---|---|---|---|---|
| सुनाइ/बोलाइ | पढाइ/लेखाइ | जम्मा | सुनाइ/बोलाइ | पढाइ/लेखाइ | जम्मा |
| ५ | ३ | ८ | १ | १ | २ |
| ६३% | ३८% | १००% | ५०% | ५०% | १००% |

माथि प्राप्त तथ्याङ्कअनुसार तालिम प्राप्त शिक्षक र तालिम अप्राप्त शिक्षकका बिचमा तुलनात्मक रूपमा हेर्दा तालिम प्राप्त ६३% शिक्षकले सुनाइ, बोलाइ सिपमा जोड दिएर कविता शिक्षण गर्ने गरेको बताए भने तालिम अप्राप्त ३७% भाषा शिक्षकले पढाइ, लेखाइ सिपमा जोड दिइने बताए । यसैगरी तालिम अप्राप्त ५०% नेपाली भाषा शिक्षकले सुनाइ, बोलाइ सिपमा र ५०% शिक्षकले पढाइ, लेखाइ सिपमा जोड दिइएको पाइयो ।

यसरी माथिको तालिम प्राप्त शिक्षकले सुनाइ, बोलाइ सिपको तुलनामा पढाइ, लेखाइ सिपमा कम जोड दिइएको पाइयो । किनभने कक्षा ६ मा बढी पढाइ, लेखाइ पक्षमा जोड दिनुपर्ने देखिन्छ । जसले गर्दा विषयगत, तहगत उद्देश्य प्राप्त गर्न सहयोग पुग्दछ । तालिम अप्राप्त शिक्षकमा भने सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपमा समानता पाइयो । यसमा पनि बढी पढाइ र लेखाइ सिपमा बढी जोड दिई शिक्षण गर्नुपर्ने देखिन्छ ।

### ४.३.४ वाक्यमा प्रयोग

कविता शिक्षण गर्दा कठिन शब्दको अर्थ बताइ वाक्यमा गर्न लगाउनुहुन्छ कि हुँदैन ? भन्ने प्रश्नमा प्रश्नावलीबाट प्राप्त तथ्याङ्क निम्नानुसार रहेका छन् :

## तालिका नं. ८

## सरकारी विद्यालय र निजी विद्यालय शिक्षकको तुलना

| सरकारी विद्यालयका शिक्षक | | | निजी विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| प्रयोग गर्न लगाउने | प्रयोग गर्न नलगाउने | जम्मा | प्रयोग गर्न लगाउने | प प्रयोग गर्न नलगाउने | जम्मा |
| ५ | - | ५ | ५ | - | ५ |
| १००% | - | १००% | १००% | - | १००% |

शिक्षक प्रश्नावली फारामबाट प्राप्त तथ्याङ्कलाई हेर्दा सरकारी र निजी विद्यालयका शिक्षकहरूले १००% नै भाषा शिक्षकहरूले कविता शिक्षण गर्दा वाक्यमा प्रयोग गर्न लगाउने बताए ।

## तालिका नं. ९

## तालिम प्राप्त शिक्षक र तालिम अप्राप्त शिक्षकबिच तुलना

| तालिम प्राप्त शिक्षक | | | तालिम अप्राप्त शिक्षक | | |
|---|---|---|---|---|---|
| प्रयोग गर्न लगाउने | प्रयोग गर्न नलगाउने | जम्मा | प्रयोग गर्न लगाउने | प्रयोग गर्न नलगाउने | जम्मा |
| ८ | ० | ८ | २ | - | २ |
| १००% | - | १००% | १००% | - | १००% |

माथि तथ्याङ्कमा जम्मा ८ जना तालिम प्राप्त १००% नेपाली भाषा शिक्षकले कविता शिक्षण गर्दा वाक्यमा प्रयोग गर्न लगाउने बताए भने तालिम अप्राप्त १००% शिक्षकले पनि वाक्यमा प्रयोग गर्न लगाएको बताए । यसरी दुवै खालका शिक्षकहरूले एकै कार्य गर्ने गरेको पाइयो ।

### ४.३.५ गति, यति, लय मिलाई कविता वाचन

तपाइँ कविता शिक्षण गर्दा गति, यति र लय मिलाई कविता वाचन गर्नुहुन्छ कि गर्नुहुन्न ? भन्ने प्रश्नावलीबाट प्राप्त तथ्याङ्कहरू निम्न रहेका छन् :

**तालिका नं. १०**

**सरकारी विद्यालय र निजी विद्यालय शिक्षकको तुलना**

| **सरकारी विद्यालयका शिक्षक** | | | **निजी विद्यालयका शिक्षक** | | |
|---|---|---|---|---|---|
| आफैं गर्ने | विद्यार्थीलाई गर्न लगाउने | जम्मा | आफैं गर्ने | विद्यार्थीलाई गर्न लगाउने | जम्मा |
| ३ | २ | ५ | ४ | १ | ५ |
| ६०% | ४०% | १००% | ८०% | २०% | १००% |

प्राप्त माथिको तथ्याङ्कलाई हेर्दा सरकारी विद्यालयमा नेपाली भाषा शिक्षण गर्ने ६०% शिक्षकले गति, यति र लय मिलाई कविता वाचन गर्ने बताए भने ४०% शिक्षकले विद्यार्थीलाई नै वाचन गर्न लगाउने बताए । त्यस्तै निजी विद्यालयका ८०% नेपाली भाषा शिक्षकले नै आफैं कविता वाचन गरी नमुना प्रस्तुत गर्ने र २०% शिक्षकले विद्यार्थीलाई नै कविता वाचन गर्न लगाउने तथ्य बताए ।

**तालिका नं. ११**

**तालिम प्राप्त शिक्षक र तालिम अप्राप्त शिक्षकबिच तुलना**

| **तालिम प्राप्त शिक्षक** | | | **तालिम अप्राप्त शिक्षक** | | |
|---|---|---|---|---|---|
| आफैं गर्ने | विद्यार्थीलाई गर्न लगाउने | जम्मा | आफैं गर्ने | विद्यार्थीलाई गर्न लगाउने | जम्मा |
| ३ | ५ | ८ | १ | १ | २ |
| ३७% | ६३% | १००% | ५०% | ५०% | १००% |

उक्त तथ्याङ्कअनुसार तालिम प्राप्त ६३% शिक्षकले विद्यार्थीलाई नै कविता वाचन गर्न लगाउने बताए भने ३७% शिक्षकले आफैंले कविताको आदर्शवाचन गरी सिकाउने गरेको पाइयो । त्यस्तै तालिम अप्राप्त शिक्षकले भने बराबार प्रतिशतमा आफूले र विद्यार्थीलई कविताको गति, यति र लय मिलाई कविता वाचन गर्ने बताए ।

यसरी उक्त तथ्यबाट तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकहरूले कविता वाचन गर्नमा जोड दिएको पाइन्छ किनभने कविता एक लयात्मक विधा हो भन्ने ज्ञान रहेको पाइयो ।

### ४.३.६ कविता वाचनमा कार्यकलाप (एकलवाचन र समूहवाचन)

तपाइँ कवितामा लयवाचन गराउँदा कुन कुन कार्यकलाप पहिले गराउनुहुन्छ ? भन्ने प्रश्नावलीमा प्राप्त तथ्याङ्कहरू यसप्रकार रहेका छन् :

**तालिका नं. १२**

**सरकारी विद्यालय र निजी विद्यालय शिक्षकको तुलना**

| **सरकारी विद्यालयका शिक्षक** | | | **निजी विद्यालयका शिक्षक** | | |
|---|---|---|---|---|---|
| एकलवाचन | समूहवाचन | जम्मा | एकलवाचन | समूहवाचन | जम्मा |
| ३ | २ | ५ | ४ | १ | ५ |
| ६०% | ४०% | १००% | ८०% | २०% | १००% |

माथि प्रश्नावली फारामबाट प्राप्त विवरणलाई हेर्दा सरकारी विद्यालयका ६०% भाषा शिक्षकले कविता शिक्षण गर्दा पहिला समूहगत वाचन गर्न लगाउने बताए भने ४०% शिक्षकले एकलवाचन क्रियाकलाप गराई शिक्षण गर्ने बताए । त्यस्तै निजी विद्यालयका ६०% नेपाली भाषा शिक्षकले एकलवाचन क्रियाकलाप मार्फत् कविता शिक्षण गर्ने बताए भने ४०% शिक्षकले समूहवाचन कार्यकलाप गराउने गरेको तथ्य बताए ।

### तालिका नं. १३

### तालिम प्राप्त शिक्षक र तालिम अप्राप्त शिक्षकबिच तुलना

| तालिम प्राप्त शिक्षक | | | तालिम अप्राप्त शिक्षक | | |
|---|---|---|---|---|---|
| एकलवाचन | समूहवाचन | जम्मा | एकलवाचन | समूहवाचन | जम्मा |
| ४ | ४ | ८ | १ | १ | २ |
| ५०% | ५०% | १००% | ५०% | ५०% | १००% |

माथिको प्राप्त तथ्याङ्कलाई तुलनात्मक रूपमा विश्लेषण गर्दा तालिम प्राप्त शिक्षकहरू तालिम अप्राप्त शिक्षकहरूमा ५०% ले एकलवाचन गरी कविता शिक्षण गर्ने र ५०% शिक्षकहरूले समूहवाचन कार्यकलाप मार्फत् कविता शिक्षण गर्ने तथ्य स्पष्ट हुन आउँछ। यसरी यस कार्यकलापमा दुवैमा समानता रहेको पाइयो।

## ४.३.७ शिक्षण विधि

तपाइँ कविता शिक्षण गर्दा कुन विधि प्रयोग गर्नुहुन्छ ? भन्ने प्रश्नमा प्रश्नावलीबाट प्राप्त तथ्याङ्क यसप्रकार छ :

### तालिका नं. १४

### सरकारी विद्यालय र निजी विद्यालय शिक्षकको तुलना

| सरकारी विद्यालयका शिक्षक | | | निजी विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| व्याख्यान विधि | अर्थबोध विधि | जम्मा | व्याख्यान विधि | अर्थबोध विधि | जम्मा |
| १ | ४ | ५ | २ | ३ | ५ |
| २०% | ८०% | १००% | ४०% | ६०% | १००% |

माथि प्रश्नावलीबाट प्राप्त तथ्याङ्कलाई अध्ययन गर्दा सरकारी विद्यालयका ८०% नेपाली भाषा शिक्षकले अर्थबोध प्रयोग गरी कविता शिक्षण गर्ने बताए भने

२०% ले व्याख्यान विधिबाट कविता शिक्षण गर्ने बताए । साथै निजी विद्यालयका ६०% भाषा शिक्षकले अर्थबोध विधि प्रयोग गर्ने बताए भने ४०% शिक्षकले व्याख्यान विधि प्रयोग गरी कविता शिक्षण गर्ने बताए ।

**तालिका नं. १५**

**तालिम प्राप्त शिक्षक र तालिम अप्राप्त शिक्षकबिच तुलना**

| **तालिम प्राप्त शिक्षक** | | | **तालिम अप्राप्त शिक्षक** | | |
|---|---|---|---|---|---|
| व्याख्यान विधि | अर्थबोध विधि | जम्मा | व्याख्यान विधि | अर्थबोध विधि | जम्मा |
| २ | ६ | ८ | १ | १ | २ |
| २५% | ७५% | १००% | ५०% | ५०% | १००% |

प्रस्तुत तथ्याङ्कलाई अध्ययन गर्दा तालिम प्राप्त ७५% नेपाली शिक्षकले नेपाली कविता शिक्षण गर्दा अर्थबोध विधि प्रयोग गर्ने बताए भने २५% भाषा शिक्षकले व्याख्यान विधि प्रयोग गर्ने बताए । तालिम अप्राप्त समान ५०% भाषा शिक्षक व्याख्यान र अर्थबोध विधि प्रयोग गरी शिक्षण गर्ने बताए ।

अतः समग्रमा तुलना गर्दा दुवै विद्यालयमा नेपाली भाषा शिक्षकहरूले व्याख्यान विधिभन्दा अर्थबोध विधि नै अधिक मात्रामा प्रयोग गरी कविता शिक्षण गर्ने गरेको पाइयो ।

### ४.३.८ बोध प्रश्नोत्तर

तपाइँ कविता शिक्षण गर्दा बोध प्रश्नोत्तर गर्नुहुन्छ कि हुँदैन ? भन्ने प्रश्नमा प्राप्त तथ्याङ्क निम्न रहेका छन् :

**तालिका नं. १६**

**सरकारी विद्यालय र निजी विद्यालय शिक्षकको तुलना**

| **सरकारी विद्यालयका शिक्षक** | | | **निजी विद्यालयका शिक्षक** | | |
|---|---|---|---|---|---|
| गराउने | नगराउने | जम्मा | गराउने | नगराउने | जम्मा |
| ५ | - | ५ | ५ | - | ५ |
| १००% | - | १००% | १००% | - | १००% |

उक्त तथ्याङ्कलाई हेर्दा सरकारी र निजी विद्यालयका शतप्रतिशत १००% भाषा शिक्षकहरू कविता शिक्षण गर्दा बोध प्रश्नहरूको उत्तर गर्ने/गराउने बताए । यसरी समग्रमा शिक्षकहरूले प्रश्नोत्तर विधि उपयोग गरेको देखिन्छ ।

**तालिका नं. १७**

**तालिम प्राप्त शिक्षक र तालिम अप्राप्त शिक्षकबिच तुलना**

| **तालिम प्राप्त शिक्षक** | | | **तालिम अप्राप्त शिक्षक** | | |
|---|---|---|---|---|---|
| गराउने | नगराउने | जम्मा | गराउने | नगराउने | जम्मा |
| ८ | - | ८ | २ | - | २ |
| १००% | - | १००% | १००% | - | १००% |

प्राप्त तालिकाअनुसार तालिम प्राप्त र तालिम अप्राप्त दुवैले १००% भाषा शिक्षकहरूले कविता शिक्षण गर्दाबोध प्रश्नोत्तर गराइ शिक्षण गर्ने गरेको तथ्य स्पष्ट हुन आउँछ । जुन विधि शिक्षकहरूले अधिक मात्रामा प्रयोग गरेको पाइन्छ । यसमा तुलनात्मक रूपमा कत्ति फरक पाइएन ।

### ४.३.९ सारांश लेख्ने

तपाइँ विद्यार्थीलाई कविता शिक्षण गर्दा सारांश लेख्न लगाउनुहुन्छ कि हुन्न ? भन्ने प्रश्नमा शिक्षकबाट प्राप्त तथ्याङ्कहरू यस्तो रहेको छ :

**तालिका नं. १८**

**सरकारी विद्यालय र निजी विद्यालय शिक्षकको तुलना**

| सरकारी विद्यालयका शिक्षक | | | निजी विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| लगाउने | नलगाउने | जम्मा | लगाउने | नलगाउने | जम्मा |
| ४ | १ | ५ | ३ | २ | ५ |
| ८०% | २०% | १००% | ६०% | ४०% | १००% |

शिक्षक प्रश्नावलीबाट प्राप्त तथ्याङ्कलाई अध्ययन गर्दा सरकारी विद्यालयका ८०% भाषा शिक्षकले कविता शिक्षण गर्दा विद्यार्थीहरूलाई सारांश लेख्न लगाउने बताए भने २०% शिक्षकले सारांश लेख्न नलगाउने बताए । त्यस्तै निजी विद्यालयका ६०% भाषा शिक्षकले सारांश लेख्न लगाउने र ४०% ले सारांश लेख्न नलगाउने बताए ।

**तालिका नं. १९**

**तालिम प्राप्त शिक्षक र तालिम अप्राप्त शिक्षकबिच तुलना**

| तालिम प्राप्त शिक्षक | | | तालिम अप्राप्त शिक्षक | | |
|---|---|---|---|---|---|
| लगाउन | नलगाउने | जम्मा | लगाउने | नलगाउने | जम्मा |
| ५ | ३ | ८ | २ | - | २ |
| ६३% | ३७% | १००% | १००% | - | १००% |

माथि प्राप्त तथ्याङ्कमा तालिम प्राप्त ६३% भाषा शिक्षकले सारांश लेख्न लगाउने र ३७% शिक्षकले सारांश लेख्न लगाउने बताए । त्यस्तै तालिम अप्राप्त शतप्रतिशत शिक्षकले विद्यार्थीहरूलाई कविताको सारांश लेख्न लगाउने बताए ।

यसर्थ समग्राम भाषा शिक्षकहरूले कविता शिक्षण गर्दा विद्यार्थीहरूलाई सारांश लेख्न लगाउने निष्कर्ष रहेको पाइयो ।

### ४.३.१० सारांश लेखन

शिक्षकलाई तपाइँ कविता शिक्षणमा विद्यार्थीहरूलाई कविताको सारांश लेखन गराउनुहुन्छ कि हुन्न ? भन्ने प्रश्नमा प्राप्त तथ्याङ्क निम्न रहेको छ :

**तालिका नं. २०**

**सरकारी विद्यालय र निजी विद्यालय शिक्षकको तुलना**

| **सरकारी विद्यालयका शिक्षक** | | | **निजी विद्यालयका शिक्षक** | | |
|---|---|---|---|---|---|
| गराउँछु | गराउँदिन | जम्मा | गराउँछु | गराउँदिन | जम्मा |
| ४ | १ | ५ | ४ | १ | ५ |
| ८०% | २०% | १००% | ८०% | २०% | १००% |

माथि तथ्याङ्कअनुसार सरकारी र निजी विद्यालयका ८०% भाषा शिक्षकले समान रूपमा कविता शिक्षण गर्दा कविताको सारांश लेख्न लगाउने बताए भने दुवै विद्यालयका शिक्षक २०% ले सारांश लेख्न नलगाउने बताए ।

### तालिका नं. २१

### तालिम प्राप्त शिक्षक र तालिम अप्राप्त शिक्षकबिच तुलना

| तालिम प्राप्त शिक्षक | | | तालिम अप्राप्त शिक्षक | | |
|---|---|---|---|---|---|
| गराउँछु | गराउँदिन | जम्मा | गराउँछु | गराउँदिन | जम्मा |
| ६ | २ | ८ | २ | - | २ |
| ७५% | २५% | १००% | १००% | - | १००% |

यहाँ तालिम प्राप्त शिक्षक र तालिम अप्राप्त शिक्षक बिचमा तुलना गर्दा ७५% तालिम प्राप्त शिक्षकले कविताको सारांश लेखन गर्ने तथ्य प्राप्त भयो भने २५% शिक्षकले सारांश लेखन नगराउने स्पष्ट हुन आउँछ । त्यस्तै तालिम अप्राप्त १००% प्रतिशत शिक्षकले कविताको सारांश लेखन गराउने देखियो ।

## ४.३.११ शिक्षक सहयोगी सामग्री

कक्षामा कविता शिक्षण गर्दा पाठ्यक्रम दिग्दर्शन, शिक्षक निर्देशिका जस्ता सहयोगी सामग्रीको प्रयोग गर्नुहुन्छ ? भन्ने प्रश्नमा शिक्षक प्रश्नावली फारामबाट प्राप्त भएको तथ्याङ्कहरूलाई तल देखाइएको छ :

### तालिका नं. २२

### सरकारी विद्यालय र निजी विद्यालय शिक्षकको तुलना

| सरकारी विद्यालयका शिक्षक | | | निजी विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| सधैं प्रयोग गर्ने | कहिलेकाहीँ | जम्मा | सधैं प्रयोग गर्ने | कहिलकाहीँ | जम्मा |
| ५ | - | ५ | ३ | २ | ५ |
| १००% | - | १००% | ६०% | ४०% | १००% |

प्रश्नावली र तालिकाअनुसार सरकारी विद्यालयका शतप्रतिशत (१००%) भाषा शिक्षकले शिक्षक सहयोगी सामग्रीको सधैं प्रयोग गरी शिक्षण गर्ने बताए भने निजी विद्यालयका ६०% शिक्षकले पनि सहयोगी सामग्रीको प्रयोग गर्ने बताए भने ४०% ले कहिलेकाहीँ शिक्षक सहयोगी सामग्रीको प्रयोग गरी शिक्षण गर्ने बताए ।

**तालिका नं. २३**

**तालिम प्राप्त शिक्षक र तालिम अप्राप्त शिक्षकबिच तुलना**

| तालिम प्राप्त शिक्षक | | | तालिम अप्राप्त शिक्षक | | |
|---|---|---|---|---|---|
| सधैं प्रयोग गर्ने | कहिलेकाहीँ | जम्मा | सधैं प्रयोग गर्ने | कहिलेकाहीँ | जम्मा |
| ६ | २ | ८ | २ | - | २ |
| ७५% | २५% | १००% | १००% | - | १००% |

माथिको तथ्याङ्कअनुसार तालिम प्राप्त ७५% शिक्षकले सहयोगी सामग्रीको प्रयोग सधैं प्रयोग गर्ने बताए भने २५% भाषा शिक्षकले सहयोगी सामग्री कहिलेकाहीँ मात्र प्रयोग गर्ने बताए भने शतप्रतिशत तालिम अप्राप्त शिक्षक सहयोगी सामग्रीको शिक्षणका क्रममा सधैं प्रयोग गर्ने बताए ।

माथिको दुवै तालिकाको समग्रमा अध्ययन गर्दा भाषा शिक्षकले पाठ्यक्रम दिग्दर्शन तथा शिक्षक निर्देशिकाको प्रयोग अधिक मात्रामा गर्ने गरेको पाइयो भने कहिलकाहीँ प्रयोग गर्ने शिक्षकलाई पनि यस्ता सामग्रीको शिक्षणमा महत्त्व रहेको जानकारी दिनु आवश्यक देखियो ।

### ४.३.१२ श्रव्य सामग्री

कविता शिक्षणका लागि श्रव्य सामग्रीको प्रयोग उपयुक्त हुन्छ कि हुँदैन ? भन्ने प्रश्नावलीबाट प्राप्त तथ्याङ्क यस्तो रहेको छ :

**तालिका नं. २४**

**सरकारी विद्यालय र निजी विद्यालय शिक्षकको तुलना**

| **सरकारी विद्यालयका शिक्षक** | | | **निजी विद्यालयका शिक्षक** | | |
|---|---|---|---|---|---|
| हुन्छ | हुँदैन | जम्मा | हुन्छ | हुँदैन | जम्मा |
| ५ | - | ५ | ५ | - | ५ |
| १००% | - | १००% | १००% | - | १००% |

माथि प्राप्त विवरणअनुसार सरकारी र निजी विद्यालयका शतप्रतिशत भाषा शिक्षकहरूले कविता शिक्षण गर्दा श्रव्य सामग्रीको प्रयोग उपयुक्त हुने र प्रयोग गर्ने बताए ।

**तालिका नं. २५**

**तालिम प्राप्त शिक्षक र तालिम अप्राप्त शिक्षकबिच तुलना**

| **तालिम प्राप्त शिक्षक** | | | **तालिम अप्राप्त शिक्षक** | | |
|---|---|---|---|---|---|
| हुन्छ | हुँदैन | जम्मा | हुन्छ | हुँदैन | जम्मा |
| ८ | - | ८ | २ | - | २ |
| १००% | - | १००% | १००% | - | १००% |

माथिको तथ्याङ्कलाई अध्ययन गरी विश्लेषण गर्दा तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकहरूले शतप्रतिशत नै कविता शिक्षण गर्दा श्रव्य सामग्रीको प्रयोग गर्ने गरेको र उपयुक्त हुने कुरा स्पष्ट देखियो ।

### ४.३.१३ कविता विधाको महत्त्व

कक्षा ६ मा भाषा शिक्षणका लागि कविता विधा कत्तिको महत्त्वपूर्ण मान्नुहुन्छ ? भन्ने प्रश्नमा प्राप्त तथ्याङ्क निम्नानुसार रहेको छ :

### तालिका नं. २६

### सरकारी विद्यालय र निजी विद्यालय शिक्षकको तुलना

| सरकारी विद्यालयका शिक्षक | | | | निजी विद्यालयका शिक्षक | | | |
|---|---|---|---|---|---|---|---|
| ज्यादै महत्त्वपूर्ण | अरु विधा सरह | अति कम | जम्मा | ज्यादै महत्त्वपूर्ण | अरु विधा सरह | अति कम | जम्मा |
| ३ | २ | - | ५ | - | ५ | - | ५ |
| ६०% | ४०% | - | १००% | - | १००% | - | १००% |

सरकारी विद्यालयका शिक्षकहरूले कविता विधा ज्यादै महत्त्वपूर्ण भन्नेमा ६०% शिक्षकले बताए भने अरु विधा सरह भन्नेमा ४०% रहेको पाइयो । त्यस्तै तथ्याङ्कअनुसार शतप्रतिशत (१००%) भाषा शिक्षकले कविता विधा अरु विधा सरह महत्त्वपूर्ण छ भन्ने तथ्य पाइयो ।

### तालिका नं. २७

### तालिम प्राप्त शिक्षक र तालिम अप्राप्त शिक्षकबिच तुलना

| तालिम प्राप्त शिक्षक | | | | तालिम अप्राप्त शिक्षक | | | |
|---|---|---|---|---|---|---|---|
| ज्यादै महत्त्वपूर्ण | अरु विधा सरह | अति कम | जम्मा | ज्यादै महत्त्वपूर्ण | अरु विधा सरह | अति कम | जम्मा |
| ३ | ५ | - | ८ | - | २ | - | २ |
| ३७% | ६३% | - | १००% | - | १००% | - | १००% |

माथिको तथ्याङ्कअनुसार विश्लेषण गर्दा तालिम प्राप्त ३७% भाषा शिक्षकले कविता विधा ज्यादै महत्त्वपूर्ण हुने तथ्य बताए भने ६३% भाषा शिक्षकले अरु विधा सरह महत्त्वपूर्ण हुने कुरा बताए । त्यस्तै तालिम अप्राप्त शतप्रतिशत शिक्षकले कविता विधा अरु विधा सरह महत्त्वपूर्ण हुने कुरा बताए ।

यसरी माथिको तथ्याङ्कहरूलाई तुलनात्मक रूपमा विश्लेषण गर्दा सरकारी र निजी तथा तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकहरूको तुलनामा कविता विधा अरु विधा सरह नै महत्त्वपूर्ण हुने मत अधिक रहेको पाइयो ।

### ४.३.१४ विद्यार्थी मूल्याङ्कन

तपाइँले कक्षा कार्यकलाप पश्चात् नियमित विद्यार्थी मूल्याङ्कन गर्नुहुन्छ कि हुन्न ? भन्ने प्रश्नावलीबाट प्राप्त विवरण यसप्रकार रहेको छ :

**तालिका नं. २८**

**सरकारी विद्यालय र निजी विद्यालय शिक्षकको तुलना**

| सरकारी विद्यालयका शिक्षक | | | निजी विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| नियमित गर्छु | कहिलेकाहीँ गर्छु | जम्मा | नियमित गर्छु | कहिलेकाहीँ गर्छु | जम्मा |
| ५ | - | ५ | ५ | - | ५ |
| १००% | - | १००% | १००% | - | १००% |

उपर्युक्त तथ्याङ्कलाई अध्ययन विश्लेषण गर्दा सरकारी र निजी विद्यालयका शतप्रतिशत (१००%) भाषा शिक्षकले कविता शिक्षण पश्चात् नियमित विद्यार्थी मूल्याङ्कन गर्ने बताए । यसरी दुवै तहका शिक्षकले विद्यार्थी मूल्याङ्कन निरन्तर र नियमित गर्ने गरेको पाइयो ।

**तालिका नं. २९**

**तालिम प्राप्त शिक्षक र तालिम अप्राप्त शिक्षकबिच तुलना**

| तालिम प्राप्त शिक्षक | | | तालिम अप्राप्त शिक्षक | | |
|---|---|---|---|---|---|
| नियमित गर्छु | कहिलेकाहीँ गर्छु | जम्मा | नियमित गर्छु | कहिलेकाहीँ गर्छु | जम्मा |
| ८ | - | ८ | २ | - | २ |
| १००% | - | १००% | १००% | - | १००% |

यस तथ्याङ्कअनुसार तालिम प्राप्त र तालिम अप्राप्त शतप्रतिशत भाषा शिक्षकहरूले कविता शिक्षण पश्चात् नियमित रूपमा विद्यार्थीहरूको मूल्याङ्कन गर्ने तथ्य फेला पारियो ।

### ४३.१५ मूल्याङ्कनका साधन

तपाइँले दैनिक विद्यार्थी मूल्याङ्कन गर्दा कुन क्रियाकलाप बढी अपनाउनुहुन्छ ? भन्ने प्रश्नावलीबाट प्राप्त विवरण निम्न रहेको छ :

**तालिका नं. ३०**

**सरकारी विद्यालय र निजी विद्यालय शिक्षकको तुलना**

| सरकारी विद्यालयका शिक्षक | | | | निजी विद्यालयका शिक्षक | | | |
|---|---|---|---|---|---|---|---|
| लिखित | मौखिक | दुवै | जम्मा | लिखित | मौखिक | दुवै | जम्मा |
| - | १ | ४ | ५ | - | १ | ४ | ५ |
| - | २०% | ८०% | १००% | - | २०% | ८०% | १००% |

सङ्कलित तथ्याङ्कलाई अध्ययन गर्दा सरकारी र निजी विद्यालयका २०% भाषा शिक्षकले मौखक रूपमा विद्यार्थी मूल्याङ्कन गर्ने बताए भने सरकारी र निजी विद्यालयका ८०% भाषा शिक्षकहरूले लिखित र मौखक दुवै किसिमका मूल्याङ्कन प्रणाली अपनाउने बताए ।

**तालिका नं. ३१**

**तालिम प्राप्त शिक्षक र तालिम अप्राप्त शिक्षकबिच तुलना**

| तालिम प्राप्त शिक्षक | | | | तालिम अप्राप्त शिक्षक | | | |
|---|---|---|---|---|---|---|---|
| लिखित | मौखिक | दुवै | जम्मा | लिखित | मौखिक | दुवै | जम्मा |
| - | २ | ६ | ८ | - | - | २ | २ |
| - | २५% | ७५% | १००% | - | - | १००% | १००% |

माथिको तथ्याङ्कलाई तुलनात्मक रूपमा विश्लेषण गर्दा तालिम प्राप्त शिक्षक २५% ले मौखिक मूल्याङ्कन साधनको प्रयोग गर्ने बताए भने ७५% तालिम प्राप्त भाषा शिक्षकले लिखित र मौखिक दुवै मूल्याङ्कनका साधन प्रयोगमा जोड दिइएको पाइयो । त्यस्तै तालिम अप्राप्त शतप्रतिशत भाषा शिक्षकले लिखित र मौखिक दुवै मूल्याङ्कनका साधनको उपयोगमा जोड दिएको पाइयो ।

यस तथ्यलाई हेर्दा तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकहरू दुवैले अधिक मात्रामा लिखित र मौखिक दुवै मूल्याङ्कनका साधनहरूको प्रयोगमा जोड दिएको पाइयो । यसर्थ विद्यार्थी मूल्याङ्कन गर्दा प्राप्त समय विद्यार्थी सङ्ख्या र सक्रियता र शिक्षण प्रभावकारिताका दृष्टिले मौखिक मूल्याङ्कन साधन नै बढी उपयुक्त देखिन्छ । यसकारण शिक्षकहरूलाई यसका बारेमा जानकारी दिनु आवश्यक रहेको पाइन्छ ।

### ४.३.१६ गृहकार्य

तपाइँले विद्यार्थीहरूलाई दैनिक गृहकार्य दिनुहुन्छ ? भन्ने प्रश्नमा प्रश्नावलीबाट प्राप्त विवरण निम्न रहेका छन् :

**तालिका नं. ३२**

**सरकारी विद्यालय र निजी विद्यालय शिक्षकको तुलना**

| **सरकारी विद्यालयका शिक्षक** | | | | **निजी विद्यालयका शिक्षक** | | | |
|---|---|---|---|---|---|---|---|
| दिन्छु | कहिलेकाहीँ | दिन्न | जम्मा | दिन्छु | कहिलेकाहीँ | दिन्न | जम्मा |
| ४ | १ | - | ५ | ५ | - | - | ५ |
| ८०% | २०% | - | १००% | १००% | - | - | १००% |

माथिको तथ्याङ्कलाई अध्ययन गर्दा सरकारी विद्यालयका ८०% भाषा शिक्षकले दैनिक गृहकार्य दिने बताए भने २०% शिक्षकले कहिलेकाहीँ गृहकार्य दिने बताए । निजी विद्यालयका शतप्रतिशत (१००%) भाषा शिक्षकले दैनिक गृहकार्य दिने बताए ।

**तालिका नं. ३३**

**तालिम प्राप्त शिक्षक र तालिम अप्राप्त शिक्षकबिच तुलना**

| तालिम प्राप्त शिक्षक | | | | तालिम अप्राप्त शिक्षक | | | |
|---|---|---|---|---|---|---|---|
| दिन्छु | कहिलेकाहीँ | दिन्न | जम्मा | दिन्छु | कहिलेकाहीँ | दिन्न | जम्मा |
| ७ | १ | - | ८ | २ | - | - | २ |
| ८८% | १२% | - | १००% | १००% | - | - | १००% |

उपर्युक्त तालिकालाई विश्लेषण गर्दा तालिम प्राप्त ८८% भाषा शिक्षकहरूले दैनिक गृहकार्य दिएको पाइयो भने १२% भाषा शिक्षकले शिक्षण कार्य पश्चात् कहिलेकाहीँ गृहकार्य दिने तथ्य फेला पारियो । तालिम अप्राप्त शतप्रतिशत भाषा शिक्षकले नियमित गृहकार्य दिने गरेको पाइयो ।

यसरी माथिको तथ्याङ्कलाई तुलना गर्दा सरकारी र तालिम प्राप्त कहीँ शिक्षकले गृहकार्य दिन अल्छी गरेको तथ्य फेला पारियो भने निजी विद्यालयका शिक्षकले भने शतप्रतिशत नै गृहकार्य दिएको पाइयो ।

### ४.३.१७ शिक्षकका स्वतन्त्र विचार

तपाइँको विचारमा कक्षा ६ मा कविता शिक्षण गर्दा के कस्ता कार्यकलाप गराई कविता शिक्षण गर्नुहुन्छ ? भन्ने प्रश्नको उत्तरमा सरकारी र निजी विद्यालयका तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकका विचारहरूलाई यहाँ छुट्टाछुट्टै बुँदामा प्रस्तुत गरिएको छ :

**(क) सरकारी विद्यालयका शिक्षकका विचार**

- लयबोध विधि (एकल र सामूहिक)
- अर्थबोध विधि (शब्दार्थ, वाक्यमा प्रयोग)
- भावबोध विधि (बोध प्रश्नोत्तर)

- समिक्षा विधि
- विद्यार्थी तथा शिक्षक केन्द्रित विधि

**(ख) निजी विद्यालयका शिक्षकको विचार**

- लयबोध विधि (एकल र सामूहिक)
- अर्थबोध विधि (शब्दार्थ, वाक्यमा प्रयोग)
- व्याख्या विधि
- भावबोध विधि

समग्रमा तुलना गर्दा सरकारी तथा निजी विद्यालयका शिक्षकहरूले शिक्षक केन्द्रित विधि र विद्यार्थी केन्द्रित विधि संयुक्त रूपमा प्रयोग गरी शिक्षण गरेको पाइयो ।

### ४.३.१८ भाषिक सिप

नि.मा.वि. तहमा कविता शिक्षण गर्दा कुन कुन सिपको अपेक्षा गर्न सकिन्छ ? भन्ने प्रश्नको जवाफमा सरकारी र निजी विद्यालयका तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकहरूका विचारहरूलाई बुँदागत रूपमा टिपोट गरिएको छ :

**(क) सरकारी विद्यालयका शिक्षकका विचार**

- सुनाइ सिप
- पढाइ सिप
- लेखाइ सिप
- सिर्जनात्मक साहित्यिक सिपको विकास

**(ख) निजी विद्यालयका शिक्षकका विचार**

- सुनाइ सिप
- बोलाइ सिप
- पढाइ सिप
- लेखाइ सिप
- सिर्जनात्मक लेखन सिप (स-साना कविता लेख्न सक्ने)

### ४.३.१९ कविता शिक्षणका क्रममा देखिएका समस्या

कक्षा ६ मा कविता शिक्षण गर्दा देखिएका समस्या/कठिनाइहरू के के छन् ? भनी प्रश्नको जवाफमा सरकारी र निजी विद्यालयमा कार्यरत तालिम प्राप्त र तालिम अप्राप्त भाषा शिक्षकहरूले दिएका छुट्टाछुट्टै विचारहरू बुँदामा प्रस्तुत गरिएको छ :

**(क) सरकारी विद्यालयका शिक्षकका विचार**

- लयबोध गराउन समस्या
- तत्सम शब्दको उच्चारणमा समस्या
- श्रव्य सामग्रीको अभाव
- कविको जीवनी (परिचय) थाहा नहुनु (नयाँ कविहरूको)
- कविताको छन्द र लयमा समस्या
- विद्यार्थीको स्तर अनुरूप कविता नराखिनु ।

**(ख) निजी विद्यालयका शिक्षकका विचार**

- लयबोध गराउन समस्या
- शब्दको उच्चारणमा समस्या
- शब्दको अर्थ बुभाउन समस्या
- केही कविता तहगत र विद्यार्थीको स्तरअनुरूप नहुनु आदि ।

प्रस्तुत माथिका सरकारी र निजी विद्यालयका शिक्षकहरूका विचारहरूलाई तुलना गरी विश्लेषण गर्दा धेरै मात्रा उस्तै एउटै खालका समस्या आइपरेको कुरा स्पष्ट हुन आउँछ । यसकारण पाठ्यपुस्तक लेख्ने विज्ञ व्यक्तिले कविताको स्तर र तहअनुसार उपयुक्त तरिकाले छनोट तथा स्तरणमा ध्यान दिनु आवश्यक देखियो ।

## ४.४ कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कको विश्लेषण

कक्षा ६ मा कविता शिक्षणमा सरकारी र निजी विद्यालयका नेपाली भाषा शिक्षकहरूले प्रयोग गरेका शिक्षण कार्यकलापहरूको स्थिति अध्ययन गर्ने क्रममा तयार पारिएको कक्षा अवलोकन फारामद्वारा प्राप्त तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ :

# तालिका नं. ३४

## कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्क

| अवलोकन शीर्षक → | शिक्षकको व्यक्तित्व | | | पाठको प्रारम्भ | | | पाठको प्रस्तुतीकरण | | | शिक्षण विधिको प्रयोग | | | शैक्षिक सामग्रीको प्रयोग | | | विद्यार्थी सहभागिता | | | सिप परीक्षण पक्ष | | | विधा शिक्षण पक्ष | | | विद्यार्थी मूल्याङ्कन | | | गृहकार्य | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| विद्यालय र ↓ प्रतिशत | उ | म | नि | उ | म | नि | उ | म | नि | उ | म | नि | उ | म | नि | उ | म | नि | उ | म | नि | उ | म | नि | उ | म | नि | उ | म | नि |
| सरकारी विद्यालय | ४ | १ | - | १ | ४ | - | १ | ४ | - | ३ | २ | - | २ | ३ | - | २ | २ | १ | १ | ३ | १ | १ | ३ | १ | २ | २ | १ | १ | ३ | १ |
| प्रतिशत | ८० | २० | - | २० | ८० | - | २० | ८० | - | ६० | ४० | - | ४० | ६० | - | ४० | ४० | २० | २० | ६० | २० | २० | ६० | २० | ४० | ४० | २० | २० | ६० | २० |
| निजी विद्यालय | ४ | १ | - | १ | ४ | - | १ | ३ | १ | १ | ४ | - | १ | ३ | १ | ३ | २ | - | १ | २ | २ | १ | ३ | १ | ४ | १ | - | २ | ३ | - |
| प्रतिशत | ८० | २० | - | २० | ८० | - | २० | ६० | २० | २० | ८० | - | २० | ६० | २० | ६० | ४० | - | २० | ४० | ४० | २० | ६० | २० | ८० | २० | - | ४० | ६० | - |

उ = उत्तम
म = मध्यम
नि = निम्न

उपर्युक्त तालिकामा सरकारी र निजी विद्यालयका शिक्षकहरूको कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्कलाई प्रस्तुत गरिएको छ । उक्त तालिकामा सरकारी विद्यालयका ५ जना र निजी विद्यालयका ५ जना गरी जम्मा १० जना शिक्षकहरूको कक्षा ६ मा कविता शिक्षणमा प्राय बेग्लाबेग्लै कक्षा अवलोकन नतिजा दिइएको छ । यस कक्षा अवलोकन फाराममा शिक्षकको व्यक्तित्व, पाठको प्रारम्भ पाठको प्रस्तुतीकरण, शिक्षण विधिको प्रयोग, शैक्षिक सामग्रीको प्रयोग, विद्यार्थी सहभागिता, सिप शिक्षण पक्ष, विधा शिक्षण पक्ष, विद्यार्थी मूल्याङ्कन र गृहकार्य गरी जम्मा १० शीर्षक र प्रत्येक शीर्षकअन्तर्गत उत्तम, मध्यम र निम्न गरी ३० उपशीर्षक सहितको कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्कलाई निम्नअनुसार विश्लेषण गरिएको छ :

### ४.४.१ सरकारी विद्यालय

माथि प्राप्त कक्षा अवलोकन फारामबाट विश्लेषण गर्दा सरकारी विद्यालयका शिक्षकहरूको व्यक्तित्व शीर्षकमा ४ जनाको उत्तम एकजना मध्यम रहेको पाइयो । यसको प्रतिशत क्रमशः ८०% र २०% रहेको छ । पाठको प्रारम्भलाई हेर्दा १ जनाको उत्तम र ४ जनाको मध्यम अवस्था रहेको पाइयो । यसको प्रतिशत क्रमशः २०% र ८०% रहेको पाइयो । पाठको प्रस्तुतीकरण शीर्षकमा अवलोकनबाट प्राप्त विवरणमा १ जनाको उत्तम र ४ जनाको मध्यम पाइयो । जसको प्रतिशत क्रमशः २०% र ८०% रहेको छ । शिक्षण विधिको प्रयोगमा ३ जनाको उत्तम र २ जनाको मध्यम अवस्था पाइयो । यसको प्रतिशत क्रमशः ६०% र ४०% रहेको छ । त्यस्तै शैक्षिक सामग्रीको प्रयोगमा २ जनाको उत्तम र ३ जनाको मध्यम पाइयो । यसको प्रतिशत क्रमशः ४०% र ६०% रहेको छ । विद्यार्थी सहभागिता शीर्षकमा प्राप्त नतिजा २ जनाको उत्तम, २ जनाको मध्यम र १ जनाको निम्न अवस्था भेटियो । जसको प्रतिशतमा क्रमशः ४०%, ४०% र २०% पाइयो । त्यस्तै भाषिक सिप परीषणमा १ जनाको उत्तम ३ जनाको मध्यम र १ जनाको निम्न अवस्था पाइयो । जसको प्रतिशत क्रमशः २०%, ६०% र २०% रहेको पाइन्छ । विधा शिक्षण पक्षमा १ जनाको उत्तम ३ जनाको मध्यम र १ जनाको निम्न अवस्था पाइयो । जसको प्रतिशतमा देखाउँदा क्रमशः २०%, ६०% र

२०% रहेको पाइन्छ । यसैगरी विद्यार्थी मूल्याङ्कन शीर्षकमा विश्लेषण गर्दा २ जना शिक्षक उत्तम, २ जनाको मध्यम र एकजना शिक्षकको निम्न अवस्था पाइयो । जसको प्रतिशतमा क्रमशः ४०%, ४०% र २०% हुन आउँछ । अन्त्यमा गृहकार्य शीर्षकमा कक्षा अवलोकनबाट प्राप्त विवरणमा १ जनाको उत्तम ३ जनाको मध्यम र १ जना शिक्षकको निम्न अवस्था रहेको पाइयो, जसलाई प्रतिशतमा देखाउँदा २०%, ६०% र २०% रहेको पाइन्छ ।

उपर्युक्त अध्ययन तथा विश्लेषणको आधारलाई हेर्दा सरकारी विद्यालयमा शिक्षकको व्यक्तित्व पाठको प्रारम्भ प्रस्तुतीकरण, शिक्षण विधिको प्रयोग शैक्षिक सामग्री प्रयोगमा राम्रा पक्ष देखिएका छन् । सिप परीक्षण, विधा शिक्षण पक्ष मूल्याङ्कन र गृहकार्यमा केही कमजोर स्थिति रहेको पाइयो । ती पक्षमा क्रमशः सुधार गर्दै शिक्षण गर्नुपर्ने देखिन्छ ।

### ४.४.२ निजी विद्यालय

कक्षा अवलोकनबाट प्राप्त माथिको तथ्याङ्कलाई विश्लेषण गर्दा निजी विद्यालयका शिक्षकको व्यक्तित्व शीर्षकमा ४ जनाको उत्तम र १ जना मध्यम देखियो । यसको प्रतिशत क्रमशः ८०% र २०% हुन आउँछ । पाठको प्रारम्भ शीर्षकमा १ जनाको उत्तम र ४ जनाको मध्यम अवस्था पाइयो । जसको प्रतिशत २०% र ८०% क्रमशः रहेको पाइयो । पाठको प्रस्तुतीकरणमा १ जनाको उत्तम, ३ जनाको मध्यम र १ जनाको निम्न अवस्था पाइयो । यसको प्रतिशत क्रमशः २०% , ६०% र २०% हुन आउँछ । त्यस्तै शिक्षण विधिको प्रयोगमा १ जनाको उत्तम र ४ जनाको मध्यम पाइयो । यसलाई प्रतिशतमा देखाउँदा २०% र ४०% क्रमशः हुन आउँछ । शैक्षिक सामग्री प्रयोग शीर्षकमा १ जनाको उत्तम ३ जनाको मध्यम र १ जनाको निम्न अवस्था पाइयो । यसलाई प्रतिशतमा देखाउँदा २०%, ६०% र २०% क्रमशः रहेको छ । त्यस्तै विद्यार्थी सहभागितामा ३ जनाको उत्तम र २ जनाको मध्यम रहेको पाइयो । यसको प्रतिशत क्रमशः ६०% र ४०% हुन आउँछ । भाषिक सिप परीषण पक्षमा १ जनाको उत्तम, २ जनाको मध्यम र २ जनाको निम्न अवस्था रहेको पाइयो । यसको

प्रतिशतमा क्रमशः २०%, ४०% र ४०% रहेको छ । विधा शिक्षण पक्षमा १ जनाको उत्तम ३ जनाको मध्यम र १ निम्न पाइयो । यसलाई प्रतिशतमा देखाउँदा क्रमशः २०%, ६०% र २०% हुन आउँछ । विद्यार्थी मूल्याङ्कनमा केलाउँदा ४ जनाको उत्तम र १ जनाको मध्यम अवस्था पाइयो । यसको प्रतिशत क्रमशः ८०% र २०% रहेको छ । त्यस्तै अन्त्यमा गृहकार्य शीर्षकमा अवलोकन गर्दा २ जनाको उत्तम र ३ जनाको मध्यम अवस्था पाइयो । जसलाई प्रतिशतमा उल्लेख गर्दा क्रमशः ४०% र ६०% हुन आउँछ ।

माथिको तथ्याङ्कको निष्कर्षमा निजी विद्यालयमा शिक्षणका क्रममा कक्षा अवलोकन फारामअनुसार शिक्षकले व्यक्तित्व पाठको प्रारम्भ, शिक्षण विधि, विद्यार्थी मूल्याङ्कन, गृहकार्य र विद्यार्थी सहभागिता शीर्षक पक्षमा राम्रा देखिन्छन् भने भाषिक सिप परीषण र विधा शिक्षण पक्ष, शैक्षिक सामग्री प्रयोग आदि पक्षमा केही कमजोर देखिन्छ ।

## ४.५ सारांश

यहाँ सरकारी विद्यालय र निजी विद्यालयका शिक्षक प्रश्नावली फाराम तथा कक्षा अवलोकन फारामबाट प्राप्त सामग्री तथ्याङ्कको अध्ययन तथा विश्लेषणबाट भेटिएका तथ्यलाई सारांशका रूपमा प्रस्तुत गरिएको छ :

- सरकारी विद्यालयमा तालिम प्राप्त शिक्षक शतप्रतिशत रहेको पाइयो । निजी विद्यालयमा तालिम प्राप्त शिक्षक ६०% रहेको पाइयो ।
- सरकारी विद्यालयको तुलनामा निजी विद्यालयका केही शिक्षकले पाठयोजना विना शिक्षण गर्ने गरेको पाइयो ।
- निजी विद्यालयको तुलनामा सरकारी विद्यालयका शिक्षकहरूले कविता शिक्षण गर्दा भाषिक सिप विकासमा जोड दिएको पाइयो ।
- सरकारी र निजी विद्यालयका तालिम प्राप्त र अप्राप्त शिक्षकहरूमा धेरैले सुनाइ, बोलाइ पक्षमा जोड दिएको पाइयो ।

- सरकारी र निजी विद्यालयका शतप्रतिशत शिक्षकले अर्थसहित वाक्यमा प्रयोग गर्न लगाएको पाइयो ।
- सरकारी र निजी विद्यालयका तालिम प्राप्त र अप्राप्त शिक्षकहरूले लयवाचन गराउँदा धेरैले विद्यार्थीहरूलाई पहिला लगाउने गरेको पाइयो भने लयवाचन गराउँदा एकलभन्दा सामूहिक वाचन गराउने बढी देखियो ।
- सरकारी र निजी विद्यालयमा अध्यापन गराउने शिक्षकहरूले व्याख्यान विधिभन्दा अर्थबोध विधिबाट कविता शिक्षण गर्ने गरेको पाइयो ।
- कविताको बोध प्रश्नोत्तर शतप्रतिशत शिक्षकहरूले सोध्ने गरेको पाइयो ।
- कविताको सारांश लेख्न लगाउने र सारांश लेखन गराउने कार्य सरकारी र निजी शिक्षकहरू धेरै गराएको पाइयो ।
- सरकारी विद्यालयको तुलनामा निजी विद्यालयका केही शिक्षकहरूले शिक्षक निर्देशिका, पाठ्यक्रम दिग्दर्शन जस्ता शिक्षण सहयोगी सामग्रीहरूको न्यून मात्रामा प्रयोग गरेको पाइयो ।
- सरकारी र निजी विद्यालयका अधिकांश शिक्षकहरूले कविता विधालाई अरु विधा सरह महत्त्व दिएको पाइयो ।
- विद्यार्थी मूल्याङ्कन र गृहकार्यमा सरकारी र निजी विद्यालयका शतप्रतिशत शिक्षकहरूले जोड दिएको पाइयो ।
- सरकारी तथा निजी विद्यालयका अधिकांश शिक्षकहरूले लिखित र मौखिक दुवै मूल्याङ्कनका साधन अपनाउने गरेको पाइयो ।
- शिक्षणमा शिक्षकहरूलाई शैक्षिक सामग्रीहरूको ज्ञान भए तापनि कम मात्रामा प्रयोग गर्ने गरेको पाइयो ।
- कक्षा अवलोकनका क्रममा सरकारी र निजी विद्यालयका शिक्षकहरूका कक्षा शिक्षण प्रभावकारितामा उस्तै समानता भएको पाइयो ।

# अध्याय पाँच

# निष्कर्ष र सुझाव

## ५.१ निष्कर्ष

यस अध्यायमा अध्ययनका क्रममा देखा परेका प्रमुख कुराहरूलाई निष्कर्षका रूपमा निम्नअनुसार उल्लेख गरिएको छ :

१. कक्षा ६ मा कविता शिक्षण गर्नुको प्रमुख उद्देश्य भाषिक सिप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) विकास र साहित्यिक रसास्वादन पनि हो ।

२. सरकारी र निजी विद्यालयहरूमा शिक्षण गर्नु पूर्व पाठयोजना तयारी गरी शिक्षण गर्ने तुलनात्मक रूपमा बढ्दै गएको पाइयो ।

३. सरकारी तथा निजी विद्यालयमा कार्यरत तालिम प्राप्त शिक्षकहरूले पढाइ, लेखाइ सिपमा भन्दा सुनाइ, बोलाइ सिपमा जोड दिएको पाइयो ।

४. सरकारी विद्यालयको तुलनामा निजी विद्यालयका शिक्षकहरूले कविता शिक्षण गर्नुको उद्देश्यलाई साहित्यिक रसास्वादनमा जोड दिएको पाइन्छ ।

५. निजी विद्यालयमा कार्यरत ४०% शिक्षक तालिम अप्राप्त शिक्षक रहेको पाइयो ।

६. कविता शिक्षणका क्रममा न्यून शिक्षकहरूले आफैंले आदर्शवाचन गरी कविता शिक्षण गर्ने र धेरैजसो शिक्षकले विद्यार्थीहरूलाई नै सामूहिक वाचन गर्न लगाउने तथ्य फेला पारियो ।

७. अधिकांश शिक्षकहरूले कविता शिक्षणमा अर्थबोध विधिमो जोड दिएको र न्यून शिक्षकहरूले व्याख्यान विधि मार्फत् शिक्षण गरेको पाइयो ।

८. शतप्रतिशत सरकारी र निजी विद्यालयका शिक्षकहरूले बोध प्रश्नोत्तर गर्ने/गराउने गरेको पाइयो ।

९. कविता शिक्षण गर्दा अधिकांश शिक्षकहरूले पहिले विद्यार्थीहरूलाई कविताको सारांश लेख्न लगाउने त्यसपछि शिक्षकले लेखाउने गरेको तथ्य भेटियो ।

१०. कविता शिक्षणमा श्रव्य सामग्रीको उपयोग शतप्रतिशत उपयुक्त हुने मत फेला पारियो ।

११. तालिम अप्राप्त शिक्षकको तुलनामा तालिम प्राप्त शिक्षक २५% ले पाठ्यक्रम पाठ्य सन्दर्भ सामग्री दिग्दर्शन आदि सामग्रीको कम मात्रामा प्रयोग गर्ने तथ्य फेला पारियो ।

१२. निजी विद्यालयको तुलनामा सरकारी विद्यालयका ६०% भाषा शिक्षकले कविता विधालाई ज्यादै महत्त्वपूर्ण विधाका रूपमा लिएको र बाँकीले अरु विधा सरह महत्त्व दिएको तथ्य फेला पारियो ।

१३. सरकारी र निजी विद्यालयका तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकहरूले दुवै (लिखित र मौखिक) मूल्याङ्कनका साधनमा जोड दिएको तथ्य भेट्टाइयो ।

१४. सरकारी र निजी विद्यालयमा शतप्रतिशत शिक्षकहरूले विद्यार्थी मूल्याङ्कन नियमित गर्ने गरेको पाइयो ।

१५. तालिम अप्राप्त शिक्षकका तुलनामा तालिम प्राप्त १२% शिक्षकले कहिलेकाहीँ गृहकार्य दिने गरेको तथ्य भेटियो ।

१६. कक्षा अवलोकन गर्दा सरकारी विद्यालयका शिक्षकहरूका शिक्षकको व्यक्तित्व, पाठको प्रारम्भ, पाठको प्रस्तुति शिक्षण विधि, शैक्षिक सामग्री प्रयोग पक्षमा राम्रो देखियो भने केही तर अनुपात मिल्दो क्रममा निजी विद्यालयका शिक्षकमा पनि राम्रा पक्ष भेटियो तर भाषिक सिप परीक्षण र विधा शिक्षण पक्षमा दुवै उस्तै खालका समानताहरू (कमजोरहरू) देखिए ।

१७. सरकारी विद्यालयको तुलनामा निजी विद्यालयको विद्यार्थी मूल्याङ्कन र गृहकार्य पक्ष भने सबल राम्रा देखियो ।

१८. समग्रमा हेर्दा तालिम प्राप्त शिक्षकका तुलनामा तालिम अप्राप्त शिक्षकहरूको शिक्षण प्रभावकारी देखिएन ।

१९. शिक्षकहरूलाई दिइएको प्रश्नावलीहरूको सैद्धान्तिक उत्तर र प्रत्यक्ष अवलोकन गरी भरिएको फारामबाट व्यावहारिक पक्षको मूल्याङ्कनमा केही मात्रामा फरक पाइयो ।

## ५.२ सुझाव

१. भाषा शिक्षकले कक्षा शिक्षण पूर्व पाठयोजना बनाइ उद्देश्यलाई मापनीय, वैधता र विश्वसनीय पूर्ण ढङ्गले शिक्षण कार्यकलापहरू सञ्चालन गर्नुपर्ने देखिन्छ ।

२. प्रत्येक भाषा शिक्षकहरूले कविता शिक्षणसँगै भाषिक सिप विकासमा जोड दिनुपर्ने देखिन्छ ।

३. निजी विद्यालयहरूले भाषा शिक्षकहरू तालिम प्राप्त शिक्षक नै राख्नु पर्ने देखिन्छ ।

४. कविता शिक्षणमा धेरै शिक्षकले विद्यार्थीलाई नै लयवाचन गराए पनि तत्पश्चात् शिक्षकले आदर्शवाचन गरी सोहीअनुसार अनुकरणवाचन गर्न जोड दिनुपर्ने देखिन्छ ।

५. कविता शिक्षण गर्दा विद्यार्थी केन्द्रित विधिको अधिकतम प्रयोग गरी शिक्षकले सहजकर्ता वा सहयोगीको भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ ।

६. कविता शिक्षणलाई रुचिपूर्ण रोचक र उद्देश्यमुखी बनाउन आवश्यकता अनुसार अधिकतम शैक्षिक सामग्रीहरूको प्रयोग गर्नुपर्ने देखिन्छ ।

७. कविता शिक्षणमा कविको छोटो परिचय, कविको विशेषता, तस्वीर चार्ट, शब्द, वाक्यपत्ती, गोजी तालिका, फ्लाटिन पाटी, चुम्बकीय पाटी आदि सामग्रीहरूको प्रयोग गर्नुपर्दछ ।

८. भाषा शिक्षकहरूले पाठ्यक्रम, शिक्षक निर्देशिका, दिग्दर्शन, पाठ्य सन्दर्भ सामग्रीहरूको उपयोग गर्नुपर्दछ र यसको सर्वसुलभ रूपमा उपलब्ध गराउनुपर्छ ।

९. शिक्षण कार्यपश्चात् नियमित र अनिवार्य रूपमा विद्यार्थीहरूको मूल्याङ्कन गर्नुपर्छ । साथै देखिएका कमजोरीहरूको तत्काल निराकरण गर्नुपर्दछ ।

१०. शिक्षकहरूमा रहेको सैद्धान्तिक ज्ञान र व्यावारिक पक्षमा समेत एकरूपता आउनुपर्ने देखिन्छ ।

११. भाषा शिक्षणका प्रभावकारी विधिहरूका बारेमा समय समयमा गोष्ठी तालिम प्रशिक्षण कार्यक्रम सञ्चालन गरी भाषा शिक्षकले पुनर्ताजगी गराउनुपर्ने देखिन्छ ।

१२. कतिपय विद्यालयहरूमा नेपाली भाषा शिक्षक बाहेक अन्य विषयका शिक्षकहरूले सजिलो विषयका रूपमा लिई शिक्षण गर्ने गरेको जसले गर्दा भाषाको गुणस्तर खस्कदै गएकोले विषयगत शिक्षकले शिक्षण गर्नुपर्ने देखिन्छ ।

१३. कक्षाकोठालाई आकर्षक र शिक्षणमा प्रभावकारी ल्याउन कक्षाकोठाको उचित व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

## ५.३ भविष्यमा गर्न सकिने अनुसन्धानका लागि सम्भाव्य शीर्षकहरू

यस अनुसन्धान कार्य कविता शिक्षण कार्यकलापसँग सम्बन्धित रहेकाले यस अनुसन्धानसँग सम्बन्धी क्षेत्रमा गर्न सकिने भावी अनुसन्धानका सम्भाव्य शीर्षकहरू निम्न छन् :

१. निम्न माध्यमिक तहमा कविता शिक्षण गर्दा अपनाइने क्रियाकलापहरूको अध्ययन,

२. कक्षा २ र ३ मा कविता शिक्षण गर्दा अपनाइने क्रियाकलापहरूको अध्ययन,

३. प्राथमिक तहमा भाषा शिक्षण गर्दा अपनाइने क्रियाकलापहरूको अध्ययन,

४. कक्षा ६ मा रूपक विधा शिक्षा गर्दा अपनाइने क्रियाकलापको अध्ययन,

५. निम्न माध्यमिक तहमा व्याकरण शिक्षण गर्दा अपनाइने क्रियाकलापहरूको अध्ययन,

६. प्राथमिक तहमा कथा विधा शिक्षणमा अपनाइने क्रियाकलापको अध्ययन,

७. कक्षा ६ र ७ मा जीवनी विधा शिक्षण गर्दा अपनाइने क्रियाकलापको अध्ययन,

८. निम्न माध्यमिक तहमा व्याकरण शिक्षण गर्दा अपनाइने क्रियाकलापहरूको अध्ययन,

९. माध्यमिक तह र निम्न माध्यमिक तहमा कविता शिक्षण गर्दा अपनाइने क्रियाकलापहरूको तुलनात्मक अध्ययन,

१०. कक्षा ६ मा कथा विधा शिक्षणमा अपनाइने क्रियाकलापहरूको अध्ययन ।

# सन्दर्भसामग्री सूची

अधिकारी, हेमाङ्गराज (२०५३) **नेपाली भाषा शिक्षण,** काठमाडौं : कुञ्जल प्रकाशन ।

----- र केदारप्रसाद शर्मा (२०५६) **प्रारम्भिक नेपाली शिक्षण** (दो.सं.), काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

कडरिया, गोपालदास (२०६५) **कक्षा ८ मा कविता शिक्षण गर्दा अपनाइने कार्यकलापको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि.कीर्तिपुर ।

कार्की, संगीता (२०५८) **कक्षा चारमा कविता शिक्षणका लागि प्रयोग गर्न सकिने शिक्षण विधिहरुको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि.कीर्तिपुर ।

खनाल, पेशल (२०६०) **शैक्षिक अनुसन्धान पद्धति,** काठमाडौं : स्टुडेन्ट्स पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

खत्री, आनन्दा (२०६२) **कक्षा आठको हाम्रो नेपाली किताबमा समाविष्ट कथाहरूको विश्लेषणात्मक अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि.कीर्तिपुर ।

गिरी, प्रेमबहादुर (२०६६) **कक्षा नौ मा कविता शिक्षण गर्दा प्रयोग गरिएका शिक्षण कार्यकलापको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि.कीर्तिपुर ।

गौतम, रामप्रसाद (२०६१) **भाषिक अनुसन्धान विधि,** काठमाडौं : दीक्षान्त पुस्तक भण्डार ।

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल (२०५७) **परिचयात्मक नेपाली शिक्षण,** काठमाडौं : एम.के. पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

थापा, गीता (२०६६) **तनहुँ जिल्लामा कक्षा ७ मा कविता शिक्षण गर्दा अपनाइएका शिक्षण कार्यकलापहरुको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि.कीर्तिपुर ।

पाठ्यक्रम विकास केन्द्र (२०६४) **निम्न माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रम,** भक्तपुर : सानोठिमी ।

पौडेल, देवीदत्त (२०६०) **कक्ष आठमा कथा शिक्षण गर्दा अपनाइएका विधिहरूको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि.कीर्तिपुर ।

बन्धु, चूडामणि (२०५२) **अनुसन्धान तथा प्रतिवेदनलेखन,** काठमाडौं : रत्न पुस्तक भण्डार ।

बूढाथोकी, गोपाल (२०६२) **कक्षा सातमा कविता शिक्षणका लागि प्रयोग गरिएका शिक्षण विधिहरूको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि.कीर्तिपुर ।

भट्टराई, रामप्रसाद (२०६५) **भाषिक अनुसन्धान विधि,** काठमाडौं : शुभकामना प्रकाशन ।

भण्डारी, पारसमणि र माधवप्रसाद पौडेल (२०६३) **कविता र काव्य,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

----- र अन्य (२०६८) **भाषिक अनुसन्धान विधि,** काठमाडौं : पिनाकल पब्लिकेसन ।

लम्साल, रामचन्द्र (२०६५) **नेपाली भाषा र व्याकरण,** काठमाडौं : सनलाइट पब्लिकेसन ।

शर्मा, केदारप्रसाद र माधवप्रसाद पौडेल (२०६०) **नेपाली भाषा र साहित्य शिक्षण,** काठमाडौं : न्यु हिरा बुक्स इन्टरप्राइजेज ।